# नेपालको पहिलो बौद्ध मासिक
# आनन्द भूमि

२०६८ ज्या पुन्हि- जेष्ठ पूर्णिमा वर्ष ३९ अंक २
बु.सं. २५५५ ने.सं. ११३१

The Ananda Bhoomi (Year 39, Vol. 2)
A Buddhist Monthly : June/July 2011



*प्रमुख सल्लाहकार:*
**भिक्षु कुमार काश्यप महास्थविर** (प्रमुख, आ. कु. वि.)
**भिक्षु मैत्री महास्थविर** (अध्यक्ष, आ. कु. वि. संस्था)

*सल्लाहकार :* **भिक्षु धर्ममूर्ति** (सचिव, आ.कु.वि.)

*व्यवस्थापक :* **भिक्षु अस्सजि,** आनन्द कुटी विहार, ४२७१४२०

*व्यवस्थापन सहयोगी :* **भिक्षु सरणंकर**

*वितरण तथा अर्थ :* **भिक्षु पियदस्सी**

*वितरण सहयोगी :* **विवेक महर्जन**

*लेखा व्यवस्थापन:* **सुरेश महर्जन**, स्वयम्भू

*आवरण डिजाइन/भित्री सेटिङ् :* **विनोद महर्जन**

*कम्प्यूटर सज्जा :* **राजकुमार छुका, ख्वप**

*सम्पादन सहयोगी*
**भिक्षु वजिरञाण (के.पि. मगर)**, बुद्धविहार भृकुटीमण्डप

*सम्पादक/प्रकाशन संयोजक:*
**कोण्डन्य**
बुद्धविहार भृकुटीमण्डप, ४२२६७०२

***वितरणार्थ सहयोगीहरु:***
बुद्धजयन्ती समारोह समिति (श्रीघः), शाक्य वाच शप-बनेपा, अ. इन्द्रावती, सुश्री वीणा कंसाकार, सुश्री शकुन्तला प्रधान, श्रीमती केशरी वज्राचार्य, सुवर्णमुनि शाक्य (भैरहवा), नरेश वज्राचार्य, विद्यादेवी शाक्य (बुटवल), याम शाक्य (वेनी), सर्जु वज्राचार्य, देवेन्द्र शाक्य (पाल्पा),उत्तममान बुद्धाचार्य (पोखरा), कृष्णप्रसाद शाक्य (बाग्लुङ्), विजय गुरूङ् (लमजुङ्), ।

*मुद्रण:*
**आईडियल प्रिन्टिङ्ग प्रेस**, ग्वार्को, ललितपुर, फोनः २१२०२३५

*प्रकाशक:*
**आनन्दकुटी विहार**
आनन्द कुटी विहार, स्वयम्भू, फोनः ४२७१४२०
*का.जि.द.नं. ३४/०३४/०३५/म.क्षे.हु.नि.द.नं. ७/०६१/६२*


## बुद्धवचनामृत



**अत्तानं एव पठमं - पटिरूपे निवेसये ।**
**अथञ्ञम'नुसासेय्य - न किलिस्सेय्य पण्डितो ॥**

***अर्थात् : सर्वप्रथम आफूलाई उचित मार्गमा लगाउनु अनि पछि मात्रै अरूलाई उपदेश गर्नु. यसो गर्नाले पण्डितलाई क्लेश हुने छैन ।***

न्हापां थःत भिंगु लँपुइ न्ह्याकि, अले तिनि मेपिन्त उपदेश कनेगु उचित जुइ, थथे याये फत कि पण्डितयाके क्लेश दइ मखु ।

Let one first establish oneself in what is proper, and then instruct others. Such a wise man will not be defiled or blamed by others.

**- धम्मपद, १५८**


*सम्पर्क कार्यालय*
**आनन्द भूमि**
**आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं ।**
**फोनः ४२७१४२०**
E-mail : anandakutivihar@gmail.com
anandakutivihar@ntc.net.np
kondanya@soon.com
Website: anandakutivihar.com.np


**वार्षिक रू. १५०/- एकप्रति रू. ५०/- वार्षिक ग्राहक बनी सहयोग गरौं ।**

# सम्पादकीय

## जनगणनाको सुरूवात र हाम्रो दायित्व

नेपालमा प्रत्येक दश दश वर्षमा जनगणना हुँदै आएअनुरूप २०६८ को जनगणना आषाढ ३ गतेबाट औपचारिक सुरूवात हुँदैछ । नेपालमा वि. सं. १९६८ सालदेखि जगनणना गर्ने कार्य प्रारम्भ गरिएको हो । त्यसपछिको एकशताब्दीमा यस जनगणना ११औं जनगणना हो । राष्ट्रिय जनगणना २०६८ ले नेपाली जनताको सम्बद्ध सरोकार विषय विस्तृत सूचना संकलन गर्ने क्रममा यस पटक गणकले ५० वटा प्रश्न सोधनी गर्ने भएका छन् । जनगणना लिन ८ हजार सुपरिवेक्षक र ३४ हजार गणक खटाइने भएको छ । देशको राजनीतिक, सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक, आर्थिकजस्ता अधिकांश नीति निर्माण सूचनाको आधार भन्नु नै राष्ट्रिय जनगणना लगायतबाट संकलित गर्ने तथ्याङ्क हो । प्रत्येक दश वर्षमा प्रकारान्तरले राष्ट्रिय जनगणना अर्को दश वर्षसम्मका लागि सूचना भण्डार निर्माण पनि हो । यस वर्षको राष्ट्रिय जनगणना नेपालको इतिहासमैं सम्भवतः एकै पटक सबैभन्दा धेरै जनशक्ति परिचालन गरिने यो ऐतिहासिक घटना हो । यस उसले यसमा परिचालित हुने जनशक्तिले मात्र होइन हामी सबै समाजका सम्बद्ध पक्षले सही तथ्याङ्कका लागि सघाउनु पर्छ, सरोकार देखाई सहभागिता एवं रचनात्मक सहयोग गर्नु दायित्व-बोध गर्नुपर्छ । साथै जनगणनामा प्रत्यक्ष संलग्न हुने सबै तप्काका कर्मचारीले यस ऐतिहासिक घटनाको महत्व र मर्मअनुरूप इमानदार, संवेदनशील र अत्यन्त गम्भीर हुनुपर्ने अपरिहार्यतालाई सबैले मननसहित परिपालना गर्नुपर्दछ ।

त्यसो त विगतमा भएगरेका जनगणनालाई लिएर थुप्रै तथ्याङ्क होइन मिथ्याङ्क भयो भनी असन्तुष्ट पोख्नेहरू पनि थुप्रै छन् । जुन रूपले लगत संकलन गरिनुपर्ने हो त्यसअनुरूप नभई मनपरी आफूखुसी अनुकूलताको हिसाबकिताबले संकलित तथ्याङ्कलाई मिथ्याङ्क हो यो भनी असन्तुष्टभाव प्रकट गर्नु स्वाभाविक हो । जनगणनामा खटिने जनशक्ति व्यवस्थापनको लापरवाही एवं मनोमानी तथा नियतवश हुने कमीकमजोरका कारण तथ्याङ्क सही रूपमा संकलन नहुन सक्छ । गणकलाई सही बाटोमा डोऱ्याउन, सुसूचित गराउन हामी सम्बद्ध सबै चनाखो हुनै पर्छ, अन्यथा अझै पनि लापरवाही हुँदैन भनी कसरी धुक्क हुने ? गणक र सुपरिवेक्षकले विशेष चनाखो भएर इमान्दारिता निभाउने हो भने तथ्याङ्क सही रूपमैं आउला होइन भने बढी चलाखीपूर्ण जालझेल गर्ने, त्यसमा पनि राजनीतिकरण गर्ने, कसैको रिमोट कन्ट्रोलबाट परिचालित हुने, सुनियोजित तवरमा आफूलाई परिचालित गर्नेजस्ता तल्लो घृणित प्रकृयालाई अपनाएमा भने उही हो तथ्याङ्कको नाउँमा फेरी जालसाजीपूर्ण मिथ्याङ्क प्रस्तुतिकरणले नै निरन्तरता पाउने हुन्छ । हामीलाई थाहा भएकै कुरा हो कि भाषिक, धार्मिक वा जातीय राजनीति गर्नेहरू देखि लिएर परम्परातग यथास्थितिवादीहरूले जनगणनालाई सीमित समूहको स्वार्थअनुकूल प्रभावित गर्न खोजिंदै छ भन्ने सूचना सार्वजनिक भइसकेको छ, यस्तो अवस्थामा कसरी सही तथ्याङ्क संकलन हुन सक्छ? ऐतिहासिक महत्वको राष्ट्रिय जनगणनामा कोही पनि व्यक्ति विशेष, संगठित समूह, संगठन, सम्प्रदायले बलजफत् वा हांक, धाँक, धम्कीले आफू अनुकूल तथ्याङ्क संकलन कार्यलाई प्रभावित पार्न नसकून भनी विशेष चनाखो हुनुपर्ने देखिन्छ ।

जहाँसम्म हामी बौद्धहरूको सवाल छ, जनगणनाको भावनालाई समेटिएर गत ५८ सालको जनगणनामा केही प्रभावकारी परिवर्तन देखिएकै हो । विभिन्न बौद्ध संघसंस्थाहरूको सकृयता एवं विभिन्न कारणले निश्चय पनि हामीबीच चेतनामूल जागरणमा अभिवृद्धि देखिएको छ । जनगणनामा जुन परिवर्तन देखिएको थियो, त्यस क्रमलाई अझ सतत् जागरूक क्रियाकलापमा निरन्तरता दिंदैजानु परिवर्तनकामी सबैको दायित्व भएको छ । ५८ सालको जनगणनामा सबैभन्दा बढी जनसंख्या वृद्धि मगर तथा गुरूङ्को थलो मध्यपहाडमा भयो र त्यसपछि काठमाडौं उपत्यकामा । १९९१–२००१ मा दशलाख बौद्ध जनसंख्या बढेकोमध्ये ९३.४ प्रतिशत मध्यपहाडमा भयो । प्रतिशतअनुसार बौद्ध जनसंख्या वृद्धि हिमालमा २१.६, भित्रिमधेशमा ६३.४, पहाडमा ७४.० र तराईमा १०७.३ भयो । सरदर वृद्धि प्रतिशतभन्दा बढी हुने पश्चिम भित्रिमधेश, मध्यतराई, पश्चिमपहाड र मध्यपहाड प्रदेश थियो । भित्रिमधेश तथा तराईमा बौद्ध जनसंख्या बढ्नुको कारण मूलतः बुद्धधर्म मान्ने जातिहरूको पहाडबाट बसाईं सराईं हो । पहाड प्रदेशमा बौद्ध जनसंख्या वृद्धिको कारणचाहिं धेरै मतवालीहरूले जनगणनामा अघिजस्तो हिन्दूको सट्टा बुद्धधर्म जनाउनुले हो ।

त्यसैले विगतको राज्य व्यवस्थाले एक धर्म एक भाषा एक संस्कृतिको सिद्धान्तको आधारमा जुन व्यवहार गरिएको थियो, ४६ सालको प्रजातन्त्र पुनर्स्थापनापछि धार्मिक, भाषिक, जातीय स्वतन्त्रताले गर्दा नयाँ वातावरण सृजना भएको छ भने हाल राजतन्त्रको अन्त्य भई संविधान सभामार्फत् धर्मनिरपेक्ष संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकमा सामाजिक समानताको चेतनाबाट बौद्धलगायत अन्य गैरहिन्दू समुदायहरू सलबलाउनु स्वाभाविक हुन् । यसलाई धार्मिक स्वतन्त्रता, जातीय पहिचान तथा अभिव्यक्तिको परिचायक मान्न सकिन्छ । जे होस् राष्ट्रको सर्वाङ्गिण विकासमा राष्ट्रिय नीतिगत महत्व राख्ने यो जनगणनामा हामी सम्पूर्ण बौद्धहरू सजग होऔं, सतर्क रहौं, अरूलाई त्यसरी नै अघि बढ्न घचघच्याऔं । ♦

# विषय–सूचि


| क्र.सं. | विषय | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | अष्टलोक धर्म | भिक्षु अश्वघोष महास्थविर | ४ |
| २. | आफूलाई चिनौं . . . . . | भिक्षु धर्ममूर्ति महास्थविर | ६ |
| ३. | धार्मिक समानताको बोध र व्यावहारिक सार्थकता | लोकबहादुर शाक्य | ८ |
| ४. | बुद्ध : समाजवाद र प्रजातन्त्रको संस्थापक | भिक्षु सरणंकर | ११ |
| ५. | पुरस्कार पनि, प्रचार पनि | देवेन्द्र भट्टराई | १४ |
| ६. | धर्म र राजनीति | अखण्ड भण्डारी | १६ |
| ७. | स्वर्ण महोत्सव : धरान बुद्ध विहार | पञ्चु शाक्य | १७ |
| ८. | बुद्धको अन्तिम यात्रा विवरण–४ | दुण्ड बहादुर वज्राचार्य | १८ |
| ९. | शील पारमिता | आचार्य भिक्षु कुमार काश्यप | २१ |
| १०. | छ्पु बोधिमाला म्ये | लाभरत्न तुलाधर | १४ |
| ११. | दुःखीया क्रन्दन | राज शाक्य "जरा दुखी" | २३ |
| १२. | हामी क्षन्तिवादीहरु | आर.के. | २३ |
| १३. | NICHIDATSU FUJI | Trans. Amrit Ratna Tuladhar | 24 |
| १४. | बौद्ध गतिविधि | | २६ |



**बिहानी सेवा (Morning Counter) को सुविधा तथा नयाँ बचत योजना सहित आकर्षक ब्याजदर तथा अन्य सेवाहरुसहित हामी उपस्थित भएका छौं ।**

* **Western Union Money Transfer** को सुविधा ।
* **Nabil Remit** को सुविधा ।

१३% **मुद्दती बचत**

* कुनै पनि बैंक तथा वित्तीय संस्थाको चेकलाई समाशोधन गृह (**CLEARING HOUSE**) को व्यवस्था ।

१०% साधारण बचत

क्रमिक बचत
४२ महिना = ५० महिना
७२ महिना = १०० महिना

९% **दैनिक मौज्दातमा हसना विशेष बचत**

* कुनै पनि बैंक तथा वित्तीय संस्थाहरुको प्राथमिक शेयर (**IPO**) निष्काशन हुँदा । आवेदन गरिदिने व्यवस्था

१०% विद्यार्थी बचत

१०% नारी सामुहिक बचत

१२% **बाल बचत बर्थ डे केक सहित**

*कुनै पनि बैंक तथा वित्तिय संस्थाहरुको शेयर सम्बन्धि आवश्यक सेवा तथा परामर्श । परामर्शको व्यवस्था

**हसना बचत तथा ऋण सहकारी संस्था लि.**
**Hasana Saving & Credit Co-operative Ltd.**
बलम्बु (भास्तिपुर)-२, काठमाडौं, फोन नं.:- ४३१६१७३, फ्याक्स नं.:- ४३१६१७४
इमेलः- hasana2065@gmail.com

# अष्टलोक धर्म



✍ भिक्षु अश्वघोष महास्थविर

**"अष्टलोक धर्मबाट मुक्त हुन साधारण मानिसहरूलाई सजिलो छैन, तर असम्भव चाहिं होइन । त्यसको लागि सहनशीलताको अभ्यास आवश्यक छ, धर्मको कुरा सुन्नु र अध्ययनपछि अभ्यासको आवश्यक छ ।"**

बुद्ध भन्नुहुन्छ- लाभ, अलाभ, यश, अयश, निन्दा, प्रशंसा, सुख, दुःख यी लोक धर्मबाट संसारका कोही पनि मानिस मुक्त छैन । चाहे राजा होस् चाहे प्रजा चाहे धनी होस चाहे गरिब होस् । बुद्ध पनि यी आठ लोकधर्मबाट मुक्त छैनन् । बुद्धलाई ज्यानमारा समेत भन्ने निन्दा उपहास लगाइएको थियो ।

यहाँ पहिले लाभ र अलाभ बारे चर्चा गरौं । बुद्ध भन्नुहुन्छ- **लाभेन उन्नतो लोको, अलाभेन च ओनतो** अर्थात् लोक -संसार लाभबाट मात्तिन्छ, चञ्चल हुन्छ- अलाभले दुःखित र असन्तुष्ट हुन्छ । लाभ हुँदाखेरि ठूलो हर्षित भई उफ्रिन्छ, चञ्चल हुन्छ । अलाभ भएको खण्डमा दुःखी र असन्तुष्टी भई जुवामा हारेको जस्तो झुलेर बस्छ । अलाभ भएको खण्डमा मानिस संसारबाटै विरक्तिएर बसेको देख्न सक्छौं । लाभ हुन र अलाभ हु सामान्य मानिसको स्वभाव धर्म हो । बुद्धको शिक्षाअनुसार आध्यात्मिक उन्नति भएको खण्डमा अर्थात् अर्को भाषामा भन्ने हो भने विपस्सना ध्यान अभ्यास गरेर समताभाव भयो भने तटस्थता अवस्थमा पुगेको खण्डमा त्यो व्यक्तिलाई लाभ, अलाभले केही असर पर्दैन । मतलब अलाभ हुँदा असन्तोष र लाभ हुँदा खुशी र सन्तोषको अनुवभ हुँदैन । यो आध्यात्मिक गुण हो । आध्यात्मिक उन्नति भएको व्यक्ति दुबै समान हुन्छ । किनभने उपेक्षा भावले हेर्ने बानी भइसक्यो । प्रयत्न गरेको खण्डमा एक छिन पर्खी चिन्तन गरेमा सामान्य मानिसलाई पनि लाभ र अलाभ आदि अष्टलोक धर्मबाट हुने दुःख र सुखको अनुभव नगरी मध्यस्थ वा तटस्थ भई सहन सक्ने शक्ति भएको देखिन्छ । उदाहरणको लागि बर्माको एक घटना प्रस्तुत गर्नु प्रासंगिक होला ।

बर्मामा महासी सयादो ध्यान केन्द्रमा हामी नेपालीहरू १०/१२ जना ध्यान गर्न गएका थियौं । त्यसै बेला ध्यान केन्द्र नजिक एक माइल टाढा आगो लाग्यो । त्यहाँ ध्यानकेन्द्रका कर्मचारीको घरबाट आगोमा परी भष्म भयो । हामीले त्यो कर्मचारीसँग सोध्यौं- तपाईको घर आगोले खाइदियो, तपाइलाई दुःख लागेन । म बुद्धको अनुयायी- बुद्धको उपदेश सुन्दैछु- सबै चीज अनित्य, दुःख र अनात्मा भन्ने । यस्तो अवस्थामा बुद्धको शिक्षा सम्झनु पर्ने हो । दुःखी भएर रोएर के फाइदा । फेरि मेहनत गर्नेछु र घर बनाउँछु । हामीले पैसा जम्मा गऱ्यौं, अरू साधकहरूले पनि चन्दा उठाएर पैसा दिए । यस घटनाले के स्पष्ट हुन्छ भने साधारण मानिसहरू पनि लाभ र अलाभबाट विचलित नभइ बस्न सकिंदो रहेछ ।

प्रसंगवश आफ्नो केही कुरा उल्लेख गर्न चाहन्छु । म काठमाडौं र बनेपामा बसबाट आवत जावत गर्दैछु । बस भाडा रू. ४।- देखि अहिले बसभाडा


यस अङ्क



आवरण फोटो स्रोत : Google Internet

आनन्द भूमि

पढौं पढाऔं, समयमैं वार्षिक ग्राहक बनौं

आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं, फोनः ४२७१४२०

E-mail : anandakutivihar@gmail.com
anandakutivihar@ntc.net.np

गताङ्कमा



रू. ३५।- पुगिसक्यो । बसमा कसैकसैले श्रर्द्धाले बस भाडा तिरिदिन्छन् । अनि मलाई ठूलो लाभ भएको महशूस हुन्छ । म लेखेर किताब लेख्दै छु । धर्मको पुस्तक संघाराममा नपाउँदा बनेपा ध्यानकुटीमा गएर खोज्दछु । किताब पाउँदा ठूलो लाभ भएको महशूस हुने गर्छ ।

अब अष्टलोक धर्महरू मध्ये यश र अयश निन्दा प्रशंसातिर । संसारका मानिसहरू प्रशंसा मात्र सुन्न चाहन्छन् अपकीर्ति र निन्दा सुन्न कोही चाहन्दैनन् । तर चाहेर के गर्ने ? नेवारीमा एउटा प्रचलित उखान छ, **"सुखया ल्यू ल्यू दुःख नं वैगु"** मतलब सुखको साथ साथै दुःख पनि आउने गर्छ । यो लोक स्वभाव हो । हामी देख्छौं सामान्य मानिस कीर्ति र प्रशंसा हुँदा खूब मात्तिछन् र खुशीले उफ्रिछन् । अपकीर्ति हुँदाखेरि मुख अँध्यारो गर्दै दुःखी हुन्छन् ।

संसारमा बुद्धले जस्तो निन्दा सुन्ने र गाली खाने व्यक्ति कोही छैन । एकजना आक्रोशक ब्राह्मणले बुद्धसमक्ष - तँ गधा, तँ गोरू, तँ भेडा भनी गालि गरेको र बुद्धले चुपचाप बसी मुसुमुसु हाँसिरहनुभएको घटना त्रिपिटक पालि साहित्यमा ठाउँ ठाउँमा उल्लेख गरेको पाइन्छ । बुद्धको सहनशीलता र आध्यात्मिक शक्ति अति उच्चतम छ ।

एकचोटी बुद्धको लाभसत्कार प्रशंसा सहन नसकी ईर्ष्याले अबौद्धहरूले सुन्दरी परिव्राजिका केटीलाई हत्या गरी जेतवन विहारको फूल फाल्ने खाल्डोमा गाडी बुद्धलाई ज्यानमाराको अपवाद फैलाइएको बेला भिक्षुहरू बाहिर जान नसकेर श्रावस्ती छाडेर जान भिक्षुहरूले बुद्धलाई सुझाव दिँदा बुद्धले भन्नुभयो- हाम्रो गल्ति छैन । यो ईर्ष्यालुहरूको षडयन्त्र हो । नआत्तिनु, एक हप्तापछि यो षडयन्त्र भण्डाफोड हुनेछ, साँच्चै नै एक हप्तापछि षडयन्त्र प्रकट भयो । शान्ति भयो । बुद्धको सहनशीलता र शुद्धचरित्रको र आध्यत्मिक शक्तिको चमत्कार हो यो । अष्टलोक धर्मबाट बुद्ध विचलित हुनु भएन । बुद्धलाई लाभ, अलाभ, यश, अयश, निन्दा, प्रशंसा र सुख दुःखले विचलित पार्न सकेन ।

अष्टलोक धर्मबाट मुक्त हुन साधारण मानिसहरूलाई सजिलो छैन, तर असम्भव चाहिं होइन । त्यसको लागि सहनशीलताको अभ्यास आवश्यक छ, धर्मको कुरा सुन्नु र अध्ययनपछि अभ्यासको आवश्यक छ । शुद्ध चित्त धैर्यको पनि जरूरी छ । सम्भव नभए बुद्धले यससम्बन्धी उपदेश दिंदैनथे ।

**अप्पमादो अमतपदं - पमादो मच्चुनो पदं ।**

**अप्पमत्ता न मीयन्ति - ये पमत्ता यथा मता ।।**

***अर्थात् : अप्रमाद निर्वाणको बाटो हो, प्रमाद मृत्युको बाटो हो, प्रमादीहरू मर्नेझैं अप्रमादीहरू मर्दैन ।***

बेहोस मजुसे च्वनेगु अमृतसमानगु निर्वाणय् वनेगु खः, बेहोस जुया च्वनेगु मृत्युया लँ खः । प्रमादीपिं मृत्यु जूथें अप्रमादीपिं मृत्यु जुइमखु ।

**मिलन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**

**ह्वनाछैं, पाको, न्यूरोड, काठमाडौं ।**

**फोनः ४२३१०३६, ४२२२०६५, फ्याक्स : ४२१६१६७**

# आफूलाई चिनौं . . . . .



✍ भिक्षु धर्ममूर्ति महास्थविर

**"आफू पनि बाँचौं । अरुलाई पनि बाँच्न देऔं । आफू पनि सुख शान्तिपूर्वक रहौं । अरुलाई पनि सुख-शान्तिपूर्वक रहन देऔं । देशमा शान्ति कायम गरौं ।"**

बुद्ध जन्मभूमि नेपालमा बुद्धलाई चिन्न नसक्नु र उहाँको धर्मलाई ज्ञानलाई बुझ्न नसक्नुले विद्यमान विषम परिस्थिति सृजना भई अशान्ति वातावरण व्याप्त भैरहेको तथ्यलाई हामी सबैले नजरअन्दाज गर्नु हुँदैन ।

बुद्धको ज्ञानमय विचार अनुसार यस विश्वमा चार प्रकारका व्यक्तिहरू देख्न पाइन्छ । जस्तै-

१. केही व्यक्तिहरू क्लेशयुक्त हुन्छन् । तर आफूमा ती क्लेश छन् भन्ने तथ्य उनीहरूमा ज्ञान हुदैन ।

२. केही व्यक्तिहरू क्लेशयुक्त हुन्छन् । तर आफूमा ती क्लेश छन् भने तथ्य उनीहरूमा ज्ञान हुन्छ ।

३. केही व्यक्तिहरू क्लेशमुक्त हुन्छन् । तर आफू क्लेशमुक्त छन् भन्ने तथ्य उनीहरूमा ज्ञान् हुदैन।

४. केही व्यक्तिहरू क्लेशमुक्त हुन्छन् । तर आफू क्लेशमुक्त छन् भन्ने तथ्य पनि उनीहरूमा ज्ञान हुँन्छ ।

कुनै व्यक्तिले बजारको एक पसलबाट पुरानो खिया लागेको धुलो बसेको एक लाहर (फलाम) को भाँडा किनेर ल्याउँदछ । ल्याइसकेपछि पनि घरको एक कुनामा राख्दछ । अर्को कुनामा उन्याउँदैछ । अतः अझ त्यसमा धुलो जम्दछ । झन खिया लाग्दछ । त्यस्तै क्लेशयुक्त व्यक्ति जसलाई आफूमा क्लेश भन्ने तथ्य थाहा हुँदैन त्यो व्यक्ति यो भाडा समान हुन्छ किनकी उक्त व्यक्तिले ती क्लेश पन्छाउन हटाउन प्रयत्न गर्दैनन् । त्यसकारण दिनौंदि राग, द्वेष, मोह, माया, इर्ष्या, दाह अभिमानमा लिप्त जीवन यापन गर्दछ । त्यसरी नै मृत्यु वरण गर्न पुग्दछ ।

अर्को कुनै व्यक्तिले पनि बजारको एक पसलबाट पुरानो धुलो टाँसेको खिया लागेको लोह भाडा किनेर ल्याउँदछ । तर एक कुनामा नराखी नठन्क्याई उसले प्रयोग गर्दछ । सफा गर्दछ । फेरि फोहोर जम्न, खिया लाग्न दिँदैन । त्यसबाट आवश्यक काम प्रयोजन लिने गर्दछ । उक्त भाडा पनि त्यसकारण टल्किएर बस्दछ । त्यस्तै क्लेशयुक्त व्यक्ति पनि आफूमा क्लेश छन् भन्ने तथ्य थाहा पाएर निरन्तर ती क्लेशहरू पन्छाएर हटाउन प्रयत्नशील हुन्छ, कोशिस गर्दछ र मेहेनत पनि गर्दछ । त्यसकारण ती राग, द्वेष, मोह, माया, इर्ष्या, डाहा, अहंकार आदि क्रमशः ती व्यक्तिबाट टाढा हुँदै जान्छन् र निर्मल शुद्ध व्यक्ति बन्दछ । क्लेशरहित पवित्र जीवन यापन गर्दछ । त्यसरी नै मृत्युवरण गर्दछ ।

कुनै व्यक्तिले बजार गएर एक पसलबाट धुलो नलागेको खिया नपरेको सफा फलामको भाँडा किनेर ल्याउँदछ । तर त्यसको उपभोग परिभोग गर्दैन, काम लिँदैन । पछि शुद्ध पवित्र पनि गर्दैन । ल्याएर एक कुनामा ठन्काएर राखेको राख्यै गर्दछ । अतः विस्तारै त्यसमा धुलो जम्छ, खिया लाग्छ । त्यस्तै क्लेशरहित व्यक्ति पनि आफूमा क्लेश छैन भन्ने तथ्य थाहा नपाउनाले आफ्नो मन सफा भए पनि बाहिरी दूषित वातावरणले उसमा राग, द्वेष, मोह, माया, इर्ष्या, डाहा अभिमानादि थुप्रिन थाल्दछ । यसरी दूषित मनले युक्त भई मृत्युवरण गर्दछ ।

अर्को कुनै व्यक्तिले बजार गएर एक पसलवाट धुलो नलागेको खिया नपरेको सफा फलामको भाँडा किनेर ल्याउँदछ । घरमा ल्याएर त्यसको उपयोग

परिभोग गर्दछ । सफा सुग्घर पनि गर्दछ । त्यसकारण त्यो भाँडा झन सफा हुन्छ र टल्किन्छ । दिनानुदिन टल्किन्छ । त्यस्तै क्लेशरहितभै रहने व्यक्ति आफूमा क्लेश छैन भन्ने तथ्य अलग रहन्छ । अतः उसलाई राग, द्वेष, मोह, माया, इर्ष्या, डाह, अहंकार आदिले पछ्याउन सक्दैन । त्यस व्यक्ति ती क्लेशहरूबाट अलगभै सुखपूर्वक जीवन यापन गर्दछ । क्लेशरहितभै सुखपूर्वक नै मुत्यु वरण गर्दछ ।

क्लेशहरूका सम्वन्धमा विचार गर्दा यसरी चार प्रकारका मानिसहरू यस संसारमा बास गर्दछन् भन्ने तथ्य बुद्धले दर्शाउनुभएको पाइन्छ । अतः आफू कुन वर्गमा परेको छ भनी जान्नु-बुझ्नु र आफूलाई परिवर्तन गरी अन्तिम प्रकारको व्यक्तिमा परिमार्जित गर्नु नै सुखी र सफल जीवनको लागि हेतु हुनेछ । आफू पनि बाँचौं । अरूलाई पनि बाँच्न देऔं । आफू पनि सुख-शान्तिपूर्वक रहौं । अरूलाई पनि सुख शान्तिपूर्वक रहन दिऊँ । देशमा शान्ति कायम गरौं ।

- स्रोत : (अनङ्गण सूत्र, मज्झिमनिकाय)

पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु
पुण्य (कुशल कर्म) गर्दै जानु ।
आफ्नो चित्तलाई (मन) शुद्ध गर्नु
यही नै बुद्धको उपदेश हो ।

VISHWA MOTOR TRADERS
Putalisadak, Kathmandu Tel. 4225625/4244173

बिश्व मोटर ट्रेडर्स
ख-२, ४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।
फोन नं.: ०१-२२९२२३०, ९७२१४०२९०५/३२०५४४
E-mail: vmtautoparts@wlink.com.np
टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि
गाडिका पार्टस्हरुको लागि सम्पर्क गर्नुहोस् ।

दर्ता नं. २०४६/०६५-०६६
एक होइन सबै सबल बनौं ।

सकल प्राणीपिं दण्ड खनाः ग्याः, सकलें सी खनाः ग्याः ।
अथेजुया सकल प्राणीपिन्त थः समान भाःलपाः घात याये मते, याके नं मते ।
- धम्मपद, १२९

मुद्दती वचतमा
१३ प्रतिशत व्याज

दैनिक वचतमा
६.५ प्रतिशत व्याज

बलम्बु व्याउ सहकारी संस्था लि.
बलम्बु, काठमाण्डौ
बलम्बु-६, काठमाण्डौ, फोन नं. ४३१४८४४,
इमेलः bmc_coperative@yahoo.com

# धार्मिक समानताको बोध र व्यावहारिक सार्थकता



✍ **लोकबहादुर शाक्य**

**"हाल पनि धेरै जसो विहार बही बौद्ध स्थलमा चालु रहेका कर्मकाण्ड, विधिव्यवहार, संस्कार आदिमा जातपातको भेदभाव कायम देखिन्छ। अन्तरजाति विवाहबाट हुर्केका बौद्धहरुलाई दोश्रो नम्बरको नागरिक सँझिरहेको पनि पाइन्छ। अझ यस प्रकारका आफ्नै नाता कुटुम्बलाई धेरै जसोले मृत्यु संस्कार नै नगरी अमानवीय घृणित चाल रचिराखेको प्रत्यक्ष देखिन्छ। तर बुद्धधर्म अन्तरगतका थेरवाद र लामाहरु तर्फ भने उक्त भेदभाव नभै समान दृष्टिकोण अपनाइरहेको सऱ्हानीय छ।।"**

मनुष्य जीवन प्राणीमध्ये सर्वश्रेष्ठ तथा दुर्लभ भएको प्रमुख कारण पशुपंक्षी आदि प्राणीमा नभएको विवेक बुद्धि भएकोले हो । मानव भएर पनि सही तरिकाले विवेकबुद्धि प्रयो गर्न सकेन भने अरू प्राणी र मानवबीच भेद नहुने हुन्छ, मानिस जन्मने वित्तिकै विवेक बुद्धि हुने होइन । सफल मानव जीवनको निम्ति अत्यावश्यक भएको विवेक बुद्धि सदुपयोग गर्न भौतिक विकास मात्र पर्याप्त नभै आध्यात्मिक विकास पनि अनिवार्य भएको । आध्यात्मिक विकासको निम्ति धर्म तथा दर्शनको सिद्धान्त अवलम्बन गर्नु वाच्छनीय छ । विश्वमा देखा परेका सबै धर्मको लक्ष्य भनेको **"कुशल मंगल सेवाको काम गर्ने, मैत्री करूणा समान भावना विकसित गर्ने, नैतिकवान चरित्रवान भएर विवेक बुद्धि प्रयोग गरी राग-द्वेष-मोह-अहंकार-ममकार निवारण गर्ने"** रहेको छ । यथार्थमा विश्वशान्तिको निम्ति धर्मसमन्वयको सिद्धान्त अपनाउन पनि उत्तिकै जरूरी छ । यहाँ आचार्य सत्यनारायण गोयन्काको कथन **"बुद्धधर्म धर्म होइन, हिन्दूधर्म धर्म होइन, क्रिश्चियन धर्म धर्म होइन, मुसलिम धर्म धर्म होइन, धर्म धर्म नै हो"** अनुकरणीय छ । यसको उद्देश्य भनेको एक मात्र धर्ममा आशक्तभै अरू घर्मलाई समान देख्न नसके साम्प्रदायिकभावना प्रकट हुने भयो ।

आचार्य सत्यनारायण गोयन्काको **"धर्म आदर्श जीवनका आधार"** पुस्तकको आधार लिएर साथै आफ्नो विचार पनि समावेश गरेर सन्ध्या टाइम्स पत्रिकामा प्रकाशित १७ वटा लेख, आनन्द भूमि पत्रिकामा प्रकाशित ४ वटा लेख, हिमपात पत्रिकामा प्रकाशित २ वटा समेत गरी २३ वटा लेख संग्रहको **"निर्वाणया त्वाथः"** नामक पुस्तक प्रकाश गर्ने अवसर मिलेको छ । यस पुस्तक **"निर्वाणको खुड्किला"** रूपमा लेखेको कुरो संक्षिप्त रूपले यस प्रकार छः-




मानिस सामाजिक प्राणी भएकोले समाजबाट अलग रहन सक्दैन । समाजको निमित्त सक्दो स्वस्थ सहयोगी भएर जिउनु मानव जीवनको सभ्य तरिका हो । व्यक्ति स्वच्छ तथा शान्त चित्त भयो कि घर सुखी परिवार हुन्छ । सम्मुन्नत तथा शान्तिपूर्ण समाज सिर्जना गर्न सघाउ पुग्दछ । गतिशील समाजद्वारा देश उत्थान हुन्छ । विभिन्न देशको भौतिक तथा आध्यात्मिक प्रगतिबाट विश्वशान्तिको निमित्त साधन हुने भयो । सबै मानिसको सुखपूर्वक जीवन बिताउने इच्छा भए पनि त्यसो सकिरहेको छैन । वास्तविक सुख क्लेश नभएको निर्मल चित्तद्वारा मात्र प्राप्त हुन्छ । निर्मल चित्तको आचरण धर्म हो । मनमा लोभ, द्वेष, मोह, अहंकार, ममकार भएसम्म सुख हुँदैन । जीवनको पाइला पाइलामा विवेक बुद्धि प्रयोग गरेर अकुशल कामकुरो भए भूल स्वीकार गरी सच्याउने, लौकिक विषय वासनामा आशक्त नभै शीलवान, समाधिवान, प्रज्ञावान तथा अनाशक्त भएर समता भावना विकसित गर्न निरन्तर विपश्यना ध्यान चर्या गर्नुपऱ्यो । म, मेरो अथवा प्रियअप्रिय भाव नराख्ने, यथाभूत प्रज्ञा देख्न सकिने मुख्य गुण भयो । दानद्वारा वरदान लिने इच्छा नराखी यश कीर्तिको कामना पनि नराखी आलस्य त्यागेर जागरूक भई चित्तलाई सधैं सन्तुलित अवस्थामा राखेर धर्मग्रन्थ अध्ययन गरी तथा विद्वान वर्गको देशना सुनी प्रेरणा लिएर प्रज्ञावान हुनुपऱ्यो । त्यसको निम्ति अन्तरदृष्टिद्वारा अनुभव

गरेर यथार्थतामा भिज्नु पनि जरूरी छ । साथै लोक कल्याणकारी काम गर्ने, गर्न लगाउने अत्यन्त महत्वपूर्ण कदम ठहरिने छ ।

उपरोक्त पुस्तक प्रकाश गर्ने सिलसिलामा आनन्द भूमि मासिक पत्रिकाको सम्पादक/प्रकाशन संयोजक भिक्षु कोण्डन्य, नेपाल भाषा परिषद्को अध्यक्ष पण्डित फणिन्द्ररत्न वज्राचार्य र बौद्ध विद्वान साहित्यकार लाभरत्न तुलाधरले आ-आफ्ना मूल्याङ्कणसहितको गहकिलो मनसाय उल्लेख गरेर अमूल्य देन प्रकट गर्नुभएकोमा मेरो हौसला बढेको छ । वहाँहरू प्रति आभार प्रकट गर्दछु । पुस्तक विमोचन कार्यक्रममा भिक्षु कोण्डन्यले '**निर्वाणया त्वाथः**' पुस्तक लोकार्पण गर्नुभएको बखत पं. फणिन्द्ररत्न वज्राचार्यले मङ्गलास्तव पाठ गर्नुभएको र यसअघि वज्राचार्यले दीप प्रज्वलन गर्नुभएको बखत भिक्षुले परित्राण पाठ गर्नुभएको हुँदा धर्मसमन्वयको वातावरण सिर्जना भएको उल्लेखनीय छ । लोकार्पण कार्यक्रममा भिक्षु कोण्डन्यले जीवन जिउने बुद्धको सन्देश ध्यानको माध्यमबाट बोध गरेर गम्भीर रूपमा चर्या गर्नसके निर्वाण मार्गमा अग्रसर हुनसक्ने पुस्तकको मनसाय स्पष्ट गर्नुहुँदै लेखक द्वितीय वृद्धपासनि (सहस्र चन्द्रदर्शन महारथारोहण) गरिसकेता पनि आलस्य नभै धर्भ तथा समाजमा देखापरेका विकृति सुधार्न प्रयास गरिरहनुभएको भनी देशना गर्नुभयो । पं. फणीन्द्ररत्न वज्राचार्यले लेखकहरूको विषय सूची तयार गरिरहेको बखत लोकबहादुर शाक्य सम्पर्क भएको चर्चा गर्नुहुँदै समाजमा देखापरेका विकृतिलाई सुधार्न नडराइकन लेखेर बोलेर ढुङ्गे धारा बगिरहेजस्तै निरन्तर लागिरहनुभएको भनी मन्तव्य प्रकट गर्नुभयो । बौद्ध विद्वान साहित्यकार लाभरत्न तुलाधरले शाक्यहरूको आचारविचार, आग्रह-अवधारणा, धर्म-संस्कृति, समाज तथा स्वराष्ट्रलाई हेर्ने दर्शन दृष्टिकोण आफूसँग मिल्ने कुरा उल्लेख गर्नुहुँदै विकृति, वेथिति, विसंगति र आडम्बरबाट संस्कृति-जीवन सुधार्नको निमित्त जोखिम मोल्न पनि शाक्यजी तत्पर छ भन्नुभयो । नेपालमा दिगो शान्ति स्थापना र समयमै संविधान जारी होस् भन्ने उद्देश्य राखी विश्व शान्ति महापूजा (मोलम् छयेन्मो) २०६७ आयोजक समितिका संयोजक तथा नेपाल हिमाली आदिवासी महासंघका अध्यक्ष सकुन सेरचनले राजनीतिज्ञहरूले पनि धर्मतिर दृष्टि राखेर धर्मचित्त विकसित गर्नुपर्ने, अनि धर्मसम्बद्ध पदाधिकारीहरूले पनि राजनीति विषयमा चासो लिई सद्धर्मअनुरूप देशको शासन सञ्चालन गराउन पर्ने सिद्धान्त विषयमा लोकबहादुर शाक्य र आफ्नो विचार मिल्ने कुरा गर्नुहुँदै बुद्धको जन्मभूमिमा शान्ति हुनुपर्‍यो, धर्मनिरपेक्ष राज्य कायम हुनुपर्‍यो, जातपात, लिङ्ग, वर्ण, वर्ग भेद नगरी बौद्धहरू एक भै अग्रसर हुनुपर्‍यो भन्नुभयो ।

नेपालको आजकलको बुद्धधर्मको अवस्थातिर चिन्तन मनन् गर्न बौद्ध विहार, संघसंस्थाद्वारा कार्यक्रम चलाइराखेको उत्साह जनक छ । बौद्ध विद्वानहरू पनि कम छैन । ध्यान केन्द्र पनि ठाउँ ठाउँमा भएको महत्वपूर्ण छ । बुद्धधर्ममा लागेर काम गरिहेकाहरूको मुल्याङ्कण गर्दा कतिपय महानुभावहरूले जीवन सुधार गर्ने पनि छन् । तर बौद्ध जनमानसको विचार गर्दा यथार्थ रूपले बुद्धधर्म जान्ने कम मात्र छ । बुद्धधर्मको मूलभूत सिद्धान्त अनिश्वरवाद बोध गर्ने ज्यादै कम मात्र छ । यसतर्फ पनि ध्यान पुर्‍याउन अत्यावश्यक भैरहेको छ । यसभन्दा पनि मूलभूत जनमानसमा असर पर्ने कुरो त बुद्धधर्ममा जातपात, लिङ्ग, वर्ण, वर्ग आदि कुनै किसिमको भेदभाव नगरी समान दृष्टिकोण अपनाएकोले नै यस धर्म विश्वव्यापि हुन पुगेको सर्वव्यापि छ । यस विषयमा तलका भावना मनन योग्य छन् त्रिशरण बोधि-चित्त भावनाः-

**उत्पादयामि वर बोधि चित्तं ।**
**निमन्त्रयामि ईह सर्वसत्वान्** ।।

(सबैभन्दा उत्तम भनिएको 'बोधि-चित्त' उत्पन्न गरी जगत् संसारका सकल प्राणीहरूलाई म निमन्त्रणा गर्दछु) सप्तत्रिंशते सम्बोधि पाक्षिका षष्टम, ७ - बोध्यङ्ग (छ) ।

उपेक्षा बोध्यङ्ग भनेको संसारमा रहेका कीट-पतंग, पशु-पंक्षी, मनुष्य आदि जति प्राणी छन् ती सबै एकै जातको नाता कुटुम्व सभ्री आफू र पर भन्ने भावना त्यागेर परमोपासक भएर सकल सत्वप्राणीलाई रक्षा-उद्धार गर्ने कारणमा सर्वत्र उपेक्षा धारण गरिरहनु हो ।

उपरोक्त प्रकारको मौलिक धर्म दर्शन संस्कृति हुँदा हुँदै पनि कसरी भेदभावको वातावरणले नराम्रो असर पार्‍यो भन्नेतर्फ विचारविमर्श गर्नु समयको माग छ, काठमाडौं उपत्यकाको उदाहरण लिंदा मल्ल शाह राणा कालका एकतान्त्रीय शासनको समयमा भेदभावको वातावरण सिर्जना भयो भनेर सहजै भन्न सकिन्छ । भिक्षुहरूलाई देशनिकाला समेत गरेको बखत बुद्धधर्मको प्रचारप्रसार चर्यामा कमि भएको थियो । त्यसैको फलस्वरूप उपत्यकाको महायान, वज्रयान कहलिइएका विहार वहीमा विकृति हुन पुगेको बुभिन्छ । हाल पनि धेरै जसो विहार बही बौद्ध स्थलमा चालु रहेका कर्मकाण्ड, विधिव्यवहार, संस्कार आदिमा जातपातको भेदभाव कायम देखिन्छ । अन्तरजाति विवाहबाट हुर्केका बौद्धहरूलाई दोश्रो

नम्बरको नागरिक सँम्फिरहेको पनि पाइन्छ । अझ यस प्रकारका आफ्नै नाता कुटुम्बलाई धेरै जसोले मृत्यु संस्कार नै नगरी अमानवीय घृणित चालरचिराखेको प्रत्यक्ष देखिन्छ । तर बुद्धधर्म अन्तरगतका थेरवाद र लामाहरू तर्फ भने उक्त भेदभाव नभै समान दृष्टिकोण अपनाइरहेको सऱ्हानीय छ ।

वज्रयान विषयमा जनता जजमानहरूलाई तालिम गरेर सुशिक्षित गर्ने भएकोले गुरू भाजु (गुभाजु) हरूलाई वज्र-आचार्य भन्ने पद र उपाधि दिइएको हो । सो यथार्थ कुराको ख्याल नगरी वज्राचार्य थरको रूपमा लिइएको लापरवाही नभनी भएन । फेरी वज्रयानको मूल आधार सर्वप्रकारले जगतहीत, समानता र धर्मसमन्वय हो । धेरै जसोले समानता र धर्म समन्वयको ख्याल नगरी भेदभावको वातावरण सिर्जना भएको पनि स्पष्ट हुन्छ । वज्रयानको जुनसुकै कार्यक्रमको पूजाअघि हुने गुरू मण्डल पूजामा माथिको त्रिशरण बोधि-चित्त भावना पनि पाठ गर्ने गरेको छ । सो अनुसार जगत संसारको सकल प्राणीलाई निमन्त्रणा गर्दछु भनेर पाठ गर्ने गरेको भएता पनि त्यसको ख्याल नगरी व्यवहारमा जातपातको भेद गर्ने गरेको अज्ञानता भन्नुपऱ्यो । फेरी वज्रयान सम्प्रदायमा चक्रसम्वरको दीक्षा लिने शिक्षाप्रद प्रगतिशील तरिका छ । सो दीक्षाको मूल धर्म दर्शन सप्तत्रिंशत सम्बोधि पाक्षिका हो । माथि उल्लेखित षष्ठम ७ बोध्यङ्ग (६) मा कीट-पतंग, पशुपक्षी, मनुष्य आदि सबै प्राणी एक जातको नाता कुटुम्व सम्फिएको अत्यन्त प्रगतिशील सच्चा बौद्धको परिचायक हो । तर दीक्षा लिने अधिकांशले सो तरिका अपनाउने नगरेकोले पनि भेदभाव भैरहेको भन्न कर लाग्दछ । अर्कोतर्फ ललितपुर सुवहालको बुद्ध विहारमा महानवमीका दिन वज्रयन सम्प्रदायका पूजारी आजुहरू ठूलो स्वरले डमरू र ताः बाजा बजाई चर्या गीत गाएर छातिको मासु काट्न लगाई महांकाललाई अर्पण गर्ने पाखण्डी प्रथा चालु छ ।

बौद्ध संघ संस्था विहार, बही तथा ध्यान, केन्द्रहरूबाट उपरोक्त अवस्थामा भैरहेको भेदभाव तथा विकृतिलाई सुधार गर्नेतर्फ लागेर मानवीय गुण लागू गर्न अत्यन्त जरूरी भैरहेको छ । अझ आजको लोकतन्त्र गणतन्त्रको समयमा पनि मानव मानवबीच भेदभावको संकट पाउनु तथा मानवको मासु काटेर अर्पण गर्ने जस्तो अमानवीय चरित्र भैरहेकोले धार्मिक, राजनैतिक, सामाजिक, नागरिक समाज जस्तो सबै क्षेत्रका महानुभावहरूले धर्मको मनसाय बुझेर समानताको बोध गरी व्यवहारमा उतार्न सकेमात्र सार्थक हुने हुँदा यसतर्फ गहकिलो दृष्टि दिइ शील समाधि प्रज्ञाद्वारा समानताको दृष्टि कोण अपनाई/अपनाउन लगाई सच्चा धार्मिक हुन आजको माग छ ।

**मधुव मञ्ञती बालो - याव पापं न पच्चति ।**
**यदा च पच्चति पापं - अथ बालो दक्खं निगच्छति ॥**

पापयागु फल मवःतले मूर्ख थःम्हं यानागु पापयात कस्तिसमान भालपाः च्वनी, तर गुखुनु पापयागु फल भोग यायेमाली उखुनु तिनि उम्ह मूर्ख दुःखी जुइ ।

**- धम्मपद**



**सुनौलो कीर्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.**
**नगाउँ दोबाटो, नयाँ बजार, कीर्तिपुर**

# बुद्ध : समाजवाद र प्रजातन्त्रको संस्थापक



✍ भिक्षु सरणंकर
आनन्दकुटी विहार

बुद्धनीतिको शिष्टतापूर्ण प्रजातान्त्रिक लक्षणलाई स्पष्टरूपमा बुझ्न सकिन्छ । तथागतभित्र भएको समाजवादी लक्षण प्रजातन्त्रवादी लक्षण क्रियात्मक गर्नको लागि अनाथपिण्डिक आदि श्रेष्ठीहरूलाई गाली गर्नु भएन । न त उनीहरूसंग भएको धन गरिबहरूलाई बाँड्न नै लगाउनुभयो ।

भगवान् बुद्धले यस कुलपुत्र प्रमुख प्रथम अर्हत् भिक्षुहरू ६० जनालाई आमन्त्रण गरी **(चरथ भिक्खवे चारिकं बहुजन हिताय बहुजन सुखाय लोकानुकम्पाय अत्थाय हिताय सुखाय देवमनुस्सानं...मा द्वे एकमग्गेन अगमित्थ.....देसेथ भिक्खवे धम्मं आदि कल्याणं मज्झे कल्याणं परियोसानं कल्याणं ......अहम्पि भिक्खवे येन उरूवेला सेनानी निगमो तेनुपसंकमिस्सामि धम्मदेसनाय)** भिक्षुहरू बहुजन हितको लागि बहुजन सुखको लागि लोकवासीको लागि गाउं गाउंमा सहर सहरमा विचरण गर । दुईजना एउटै मार्गमा नजाउ सुरू, बीच र अन्तमा पनि राम्रो भएको शुभ भएको धर्मदेशना गर । म पनि उरूवेलको सेनानि गाउँमा धर्मप्रचारार्थ जान्छु । (-महावग्ग महाखन्धक)

यहाँ **"बहुजन हिताय" "बहुजन सुखाय" "लोकानुकम्पाय"** भन्ने तीनवटा वचनहरू झै समाजवादी प्रजातन्त्रवादी वचन मानव इतिहासमा कसैको मुखबाट निस्केको छैन । वहाँले कहिले पनि यूरोपेली, एसियाली, जम्बुद्विपका जनताहरूको लागि, गरीबहरू, धनीहरू, नीच कूलहरू, उच्च कूलीन, आर्यहरू, अनार्यहरूको निम्ति भनी सेवा गर्दा मानिसलाई अनेकौं टुक्रामा विभाजन गर्नुभएन । बहुजन हितकोलागि सुखको लागि लोकवासीलाई अनुकम्पा गरी भन्ने वचनमा समानता झल्किन्छ । वहाँको महाकरूणा सबै सत्वहरूको लागि एक समान छ । बोल्न सक्ने सत्वहरूलाई मात्र होइन पशुपंक्षिलाई पनि समान मैत्री राख्ने करूणा राख्ने शास्त्र दुईजना महावीर र तथागत मात्रै हुनुहुन्छ ।

सबै सत्वहरू सुखी होस् भनी (सब्बे सत्ता भवन्तु सुखितत्ता) सबै सत्वहरूको खुसी चाहनुभयो । सबै सत्वहरू निदुःखी होस् निरोगी होस् भनी हृदयदेखि नै उत्पत्र भएको निर्ब्याज भावनाले युक्त, हाम्रो सोचभन्दा माथिको उत्तम श्रेष्ठ प्रजातन्त्र समाजवादी उक्ति अहिलेसम्म पनि कुनै राजनीतिज्ञको मुखबाट ब्यक्त भएको छैन ।

धेरै राजनीति गर्ने ब्यक्तिहरूले मानिसहरूको आर्थिक उन्नति मात्रै चाहन्छ तर भगवान् बुद्धले मानिसहरूको आर्थिक मात्र नभई सबै सत्वहरूको नै उन्नति चाहनुभयो । तिनीहरूको कायिक मानसिक सुख अनि इहलोक र परलोकको सुख पनि चाहना गर्नुभयो र साथसाथै ती सुखहरू प्राप्त गर्ने मार्ग पनि देखाइदिनु भयो ।

तथागतले अति बुद्धिमानपूर्वक बनाउनुभएको "भिक्षु शासन" रूपी संस्था सर्वभौम प्रजातन्त्र लक्षणले युक्त संस्था हो । मानव इतिहासमा त्यस्तो क्रमानुकुल संस्था सबभन्दा पहिले भगवान बुद्धले नै स्थापना गर्नुभएको थियो । त्यसमा सबै सदस्यहरू संघको नामले चिनिन्थ्यो । पुरूष पक्ष भिक्षु नामले र स्त्री पक्ष भिक्षुणी नामले चिनिन्थ्यो । जुनसुकै देशको पनि, जुनसुकै जाति भएपनि, जुनसुकै कूलको भएपनि, यस संस्थामा सदस्यता प्राप्त गर्न सकिन्थ्यो । सदस्यता दिंदा तल देखाइएका लक्षणहरू नभएका ब्यक्तिहरूलाई मात्र प्रदान गरिन्थ्यो अथवा प्रव्रजित गरिन्थ्यो । ती लक्षणले युक्त ब्यक्तिहरूलाई सदस्यता दिएर धेरै प्रश्नहरू उत्पन्न भए ।

१. एउटा खुट्टा भाँचेको ब्यक्ति, २. दुईवटा खुट्टा भाँचेको ब्यक्ति, ३. हात र खुट्टा भाँचेको ब्यक्ति, ४. नाक भाँचेको ब्यक्ति, ५. कान र नाक नभएको ब्यक्ति, ६. औंलाको टुप्पा नभएको ब्यक्ति, ७. औंला नभएको ब्यक्ति, ८. नशा चुँडेको ब्यक्ति, ९. औंलाहरू जोडेको ब्यक्ति, १०. सानो, ११. पुड्को, १२. गल गाँठो भएको ब्यक्ति, १३. हातिपाईला भएको ब्यक्ति, १४. रोगी ब्यक्ति, १५. विरूपी ब्यक्ति, १६. कानो ब्यक्ति, १७. लुला लँगडा ब्यक्ति, १८. अपाङ्ग, १९. पक्षघात भएका ब्यक्ति, २०. कमजोर ब्यक्ति, २१. अन्धो, २२. लाटो, २३. बहिरो, २४. कुष्ठरोगी, २५. काग धपाउन नसक्ने सानो बच्चा, २६. सेना, २७. प्रसिद्ध चोर, २८. जेलबाट भागेको ब्यक्ति, २९. अदालतमा दाखिला अपराधी, ३०. कोर्दाको सजाय भागिदार ब्यक्ति, ३१. सजाय भोगेको ब्यक्ति, ३२. सपेरा, ३३. दास, ३४. आमा बुबाबाट अनुमति नभएका ब्यक्ति ।

माथि देखाइएका लक्षणले युक्त भएकाहरू शासनमा भित्र्याउन निषेध गर्नुको कारण धेरै छन् । तथागतले बुद्धत्व

प्राप्ति पछि धेरै समय नबित्दै वहाँको कीर्ति चारैदिशातर्फ फैलिन थाले । राजाहरू, श्रेष्ठीहरू, मन्त्रीहरू, प्रधानमन्त्री, वहाँ भेट्न आई वहाँलाई गौरव गर्नुभयो । शाक्य वंशीय राजकुमारहरू सयौं हजारौं प्रव्रजित भए । तथागतको शिष्य परिषद् बढ्दै गयने । अनाथपिण्डिक आदि श्रेष्ठीहरू हरेक दिन राजभोजन दान दिन थाले । भिक्षुहरूले नदीमा पानी बगिआएझैं चतुप्रत्यहरू प्राप्त गर्न थाले । यी लाभसत्कार देखेर नै अरूहरू पनि प्रव्रजित हुन थाले । त्यसबेला प्रसिद्ध वैद्य जीवक राजाहरूलाई, अन्तःपुरवासीहरूलाई, भिक्षुहरूलाई औषधि गर्नको लागि खटिएकोले अन्य मानिसहरूलाई हेर्नको लागि वहाँसंग समय नै थिएन । त्यसकारणले पनि कुनै कुनै विरामीहरू प्रव्रजित भएर निको भएपछि चीवर छोडेर गए । खानपिनको समस्या टार्नको लागि पनि कतिपय आमाबुबाहरूले आफ्नो सन्तान प्रव्रजित गराउन थाले । बच्चाहरू पनि प्रव्रजित गराउन थाले । ती बच्चाहरू राति भोकले रून कराउन थाले । तथागतले यी कुराहरू थाहा पाएर काग धपाउन नसक्ने बच्चाहरूलाई प्रव्रजित गर्न नपाउने नियम बनाए । यसरी हजारौं प्रव्रजित हुन थालेपछि गृहस्थ समाजमा पुरूषहरूको कमि हुन थाल्यो भनी मतवाद पनि फैलन थाले । तथागत परम्परा विनाश गर्नको लागि विधवाहरू बढाउनको लागि कूल विनाशको लागि काम गर्दैछ, हजारौ जतिलहरू प्रव्रजित गरे, सञ्जयका शिष्यहरू प्रव्रजित गरे मगधका उच्च कूलीनहरू पनि प्रव्रजित गरे, अब कसलाई प्रव्रजित गर्ने हो थाहा छैन भनी मानिसहरूले भगवान् बुद्धलाई गाली गर्न थाले, दोष देखाउन थाले । (-महावग्ग सारिपुत्र मोगल्लान पवज्जा)

यस्ता अनगिन्ती कारणले गर्दा प्रव्रजित गर्नको लागि पनि ब्यक्तिमा लक्षणहरू हेर्नुपर्ने आवश्यकता भयो । माथि उल्लेखित लक्षणहरू नभएका ब्यक्तिहरू महाजनको अगाडि स्वतः नै जनप्रिय हुन थाल्यो । यिनीहरूको लगाउने लुगाको रंग लगाउने तरिका अरूकोभन्दा भिन्न थियो । चीवरको रंग आँखालाई राम्रो शान्त गति झल्काउने रंग हो । कपाल खौरिंदा गृहस्थस्वरूप हट्नुको साथै अहंकार गति हटाई इमान्दारी लक्षण झल्काउँछ । हरेक प्रव्रजितमा सरल जीवन, परार्थकामी लक्षण हुनु अनिवार्य छ । सबै भिक्षुहरू पूर्णरूपमा सबैको साझा व्यक्ति हो । उसँग भएका सबै वस्तु संघको हो । उ बस्ने विहार उसको होइन संघको हो । हरेक भिक्षुहरू बन्धन मुक्त छन् । उ एक्लो हो उसको कारणले बाच्ने अरू कोहि छैन । उ नभएको खण्डमा अरू कोहि पनि भोकै रहँदैन । उसको लागि रूने कराउनेहरू पनि छैन । उ कसैको अधिनमा छैन । त्यसकारणले गर्दा भिक्षुहरूले कहिले पनि शोक गर्दैन । नहि सोचति भिक्खु कदाचि (संयुक्त निकाय ) उसको जीवन शासनरूपी संस्थालाई परित्याग गरिएको छ । उत्तम परमार्थको लागि यदि कसैले जीवन परित्याग गरेका छन् भने वहाँहरू बौद्ध भिक्षुहरू नै हुन् ।

संघको अर्थ समूह हो । सांघिक भन्नाले समूहलाई, साझा भन्ने अर्थ आउँदछ । संघ समाज निर्माण गर्नुभएको तथागतले यसलाई गौरव गर्नुभयो । बाल्यकलदेखि नै हुर्काएकी बढाएकी आफ्नै सानी आमाले आफ्नै हातले धागो काटी कपडा तयार गरी त्यस कपडाले चीवर सिएर तथागतलाई चढाउन आउँदा "गौतमी संघलाई देउ संघलाई दिंदा मलाई पनि दिएको हुन्छ र संघलाई पनि । (संघे गोतमी देहि संघे दिन्नं अहं चेव पूजितो भविस्सति संघो च ) भनी संघलाई नै दिन लगाउनुभयो । त्यस्तै तथागतले संघको गुण वर्णना गर्नुभयो । सुपटिपन्नो उजुपटिपन्नो...आदि रूपले स्वयम् तथागतले नै बुद्धपुत्रहरूको गुणवाचन गर्नुभयो । श्रावक संघ झै विनयानुकूल क्रमानुकूल संविधान भएको समूह तत्कालीन समयमा जम्बुद्विपमा अरू कसैको पनि थिएन । अन्य आजीवक, जटिल, अचेलक परिव्राजकहरूको संविधान र उनीहरूले बौद्ध भिक्षुहरू प्रति देखाएको आचारशीलभाव, उनीहरूकै बानीव्यहोराले पनि प्रष्ट हुन्छ ।

आनन्द स्थविर एकदिन भिक्षुहरूसंग देवकट सोब्भ भन्ने ठाउँमा जानुभयो । त्यसबेला त्यहाँ बस्नुभएको सन्दक भन्ने परिब्राजक आफ्ना शिष्यहरू जम्मा गरेर अनवश्य कथाहरूमा हाँस्दै बसिरहेका थिए । आनन्द स्थविर त्यस आश्रममा आइरहनुभएको टाढैदेखि देख्नासाथ आफ्ना शिष्यहरूलाई नकारऊ, हो-हल्ला नगर, नहाँस, श्रमण गौतमको शिष्य आनन्द स्थविर यहाँ आउँदैछ । वहाँ शान्त, निशब्द, निश्चल प्रिय ब्यक्ति हुनुहुन्छ । त्यसकारण सबैजना चुपलागेर बस भन्यो । त्यसपछि सबै परिव्राजकहरू तुण्हिभूत भइ बसे । **(अथ खो आयस्मा आनन्दो सम्बहुलेहि भिक्खूहि सद्धिं येन देवकट सोब्भो तेनुपसंकमि । तेन खो पन समयेन सन्दको परिब्बाजको महतिया परिब्बाजक परिसाय सद्धिं निसिन्नो होति । उन्नादिनिया, उच्चा, सद्दा महा सद्दाय अनेकविहितं तिरच्छान कथं कथेन्तिया । अद्दसा खो सन्दको परिब्बाजको आयस्मन्तं आनन्दं दूरतोव आगच्छन्तं दिस्वान सकं भोन्तो सद्दं मकत्थं । अयं समणस्स गोतमस्स सावका आगच्छति समणो आनन्दो अप्पसद्दो कामा खो पन ते आयस्मन्ता अप्पसद्दा विनिता, अप्पसद्दस्स वण्णवादिनो, अप्पेवनाम अप्पसद्दं परिसं विदित्वा उपसंकमितब्बं मञ्ञेय्याति, अथ खो परिब्बाजका तुण्हि अहेसुं ।)** - मज्झिम निकाय-सन्दक सूत्र

भिक्षुशासनलाई संवरताको लागि विनयनीतिले बाँधिराखेको छ । खाँदा पिउँदा, जाँदा, बस्दा आदि हरेक समयमा विनयअनुसार नै गर्नुपर्दछ । उत्तम गुणधर्म वर्धनको लागि जीवन नै परित्याग गर्नसक्ने, संविधानात्मक श्रेष्ठ

समाज निर्माणका लागि योग्य सदस्यता प्रदान गर्दा, उनीहरूमा हुनुपर्ने गुणाङ्ग, उनीहरूले पालन गर्नुपर्ने नीति-रीति, ती नीतिरीति भङ्ग गरेको खण्डमा दिनुपर्ने सजाय आदि सबै विस्तर संग्रह गरेर संगीतिकार भिक्षुहरूले महावग्ग, चुल्लवग्गजस्ता बौद्ध ग्रन्थ संग्रहित गरेका हुन् । भिक्षुहरूले ती विनयनीति-रीतिलाई देखाएको गौरव विनय भनेको शासनको आयु हो (विनयो नाम सासनस्स आयु) भन्ने पाठले नै प्रष्ट हुन्छ । नीति जान्नेहरूलाई वकिल भने झै विनय जान्नेहरूलाई विनयधर भनेर चिनाइयो ।

संघको सबै कार्य ञत्ति चतुत्यकर्मद्वारा गरिन्छ । ञत्ति वा ज्ञप्तिको अर्थ अगाडि गरिने सबैकार्यको बारेमा पहिला नै संघलाई जानकारी गराउनु हो । प्रतिनिधि सभामा त्यस दिन गरिने कार्यको बारेमा जानकारी दिनुसरह नै हो । त्यसपछि कर्मवाक्य तीनचोटि भन्नुपर्दछ । संघसभारूपी प्रतिनिधि सभामा संघकर्म गर्दा उमेरले २० वर्ष पुगेका उपसम्पन्न भिक्षुहरूले मात्र प्रतिनिधि जनाउन पाउँदछ । उपसम्पन्न भएकाहरू पनि यदि पाराजिकामा परेको भए उनीहरूले पनि प्रतिनिधित्व गर्न पाउँदैन । संघकर्म हुँदा यदि कोहि भिक्षुहरू बिरामी छ भने उनीहरूले आफ्नो मत अरूको हातबाट पठाउन सकिन्छ । उमेरले २० वर्ष पुगेकाहरूलाई उपसम्पदा गर्दा तिनीहरूमा तल देखाइएका अन्तरायिक धर्म छ की छैन भनी संघ सभाले प्रश्न गर्छन् ।

१. कुष्ठ रोग छ की छैन?, २. गाँडो छ की छैन?, ३. दाग छ की छैन?, ४. दम छ की छैन?, ५. छारे रोग छ की छैन?, ६. मान्छे हो की हैन?, ७. पुरूष हो की हैन?, ८. दास हो की हैन?, ९. ऋणबाट मुक्त भएको हो की हैन?, १०. राजाको सेना हो की हैन?, ११. आमा बुबाबाट अनुमति प्राप्त हो की हैन?, १२. उमेरले २० वर्ष पुगेको हो की हैन?, १३. पात्र चीवर सम्पूर्ण भएको हो की हैन?

यी प्रश्नहरू सोध्दा सही जवाफ दिनुपर्दछ । अन्यथा उपसम्पदाको भागीदार हुनपाउने छैन । तल देखाइएकाहरूले पनि उपसम्पदा दीक्षा लिन पाउँदैन ।

१. नपुंसकलिङ्गिकहरू, २. आफै चीवर लगाएकाहरू, ३. तीर्थंकरहरूकोमा गएर प्रव्रजित भएकाहरू, ४. पशुयोनी लिएर जन्मेकाहरू, ५. मातुघातक, ६. पितुघातक, ७. अर्हत्‌घातक, ८. स्त्रीपुरूष लक्षण दुबै भएकाहरू, ९. उपाध्याय नभएकाहरू, १०. पात्र नभएकाहरू, ११. चीवर नभएकाहरू, १२. पात्र-चीवर नभएकाहरू, १३. पात्र ऋणमा लिएकोलाई, १४. चीवर ऋणमा लिएकोलाई, १५. पात्र-चीवर ऋणमा लिएकोलाई ।

संघशासन, संघले संघको लागि गरिने संघकै पालनक्रम हो । गल्ति गरेका भिक्षुलाई दिने सजाय पनि नीत्यानुकूल प्रजातन्त्रिक लक्षणले युक्त छ । यदि कुनै भिक्षुले गल्ति गरेको खण्डमा संघ भेला गराएर संघसामू त्यस भिक्षुलाई ल्याउनु पर्दछ । उक्त भिक्षुको गल्ति संघसामू राखेर फलानो विनयअनुसार सो भिक्षुले गरेको कार्यलाई गल्ति भनी सावित गरेपछि उसले पाउने सजाय तिनचोटि संघसामू राख्नुपर्दछ । संघको सर्व अनुमतिले मात्र सजाय दिन पाउनेछ । छन्न भन्ने भिक्षुलाई आपत्ति लागेको थियो तर उ स्वीकार्न तयार थिएन । सो कुरा तथागतलाई जानकारी दिएपनि संघ भेलागर्न लगाएर उसलाई सजाय दिन लगाइयो ।

सर्वप्रथम संघभेला गराएर गल्ति याद गराइयो । त्यसपछि गल्ति स्वीकार्न लगाइयो । व्यक्त प्रवल भिक्षुद्वारा संघसामू "संघ मेरो कुरा सुन्नुहोस् यो छन्न भन्ने भिक्षु आपत्तिमा परेपनि स्वीकार्न तयार नभएको कारणले गर्दा संघको अनुमति भए आइन्दा संघकार्यको लागि संगै बस्न नपाउने उक्खेपनीय कर्म भन्ने सजाय दिनु उचित हुनेछ । यो ञत्ति भयो । संघ मेरो कुरा सुन्नुहोस् यो छन्न भन्ने भिक्षु आपत्तिमा परेपनि स्वीकार्न तयार नभएको कारणले गर्दा संघको अनुमति भए आइन्दा संघकार्यको लागि संगै बस्न नपाउने उक्खेपनीय कर्म भन्ने सजाय दिनु उचित हुनेछ । यदि संघलाई यो स्वीकार छ भने तुण्हिम्भूत भई बस्नुहोस् स्वीकार छैन भने बोल्नुहोस् । दोस्रोचोटि र तेस्रोचोटि पनि यहि भन्दैछु । संघको निशब्दताले गर्दा यसलाई स्वीकारेको मान्दै छन्नलाई उक्खेपनीय कर्म भयो यो कुरा सबै ठाउँमा सुनाइदिनु।" (-चुल्लवग्ग-कम्मक्खन्धवग्ग)

यसबाट बुद्धनीतिको शिष्टतापूर्ण प्रजातान्त्रिक लक्षणलाई स्पष्टरूपमा बुझ्न सकिन्छ । तथागतभित्र भएको समाजवादी लक्षण प्रजातन्त्रवादी लक्षण क्रियात्मक गर्नको लागि अनाथपिण्डिक आदि श्रेष्ठीहरूलाई गाली गर्नु भएन । न त उनीहरूसंग भएको धन गरिबहरूलाई बाँड्न नै लगाउनुभयो । तर धनलाई परिभोग गर्ने तरिका बताउनुभयो । लोभी हुनु, कञ्जुस हुनुको परिणाम वहाँले एकचोटि मात्र नभई बारम्बार देशना गर्नुभयो । तसर्थ भिक्षुहरूलाई धर्मलाई समेत म मेरो भनी सीमित नगर्न देशना गर्नुभयो । धर्मलाई डुङ्गाको रूपमा संसारबाट पार हुनको लागि देशना गर्नुभयो । धनी-गरिव कसैलाई भेदभाव नगरिकन जसरी चन्द्रमाले सबै ठाउँमा जुन छर्छ, त्यसरी नै भिक्षुहरूले कसैलाई भेदभाव नगर्न वहाँले देशना गर्नुभयो । **"चन्दुपमा भिक्खवे कूलानी उपसंकमथ अपकस्सेव कायं अपकस्स चित्तं निच्चवकवा कूलेसु अप्पगब्भो ।"** (-संयुक्त निकाय-कस्सपसंयुक्त-चन्दुपमसंयुक्त)

माथि उल्लेखित कारण र अन्य त्रिपिटकको सूत्रहरूबाट २५०० वर्षपहिला प्रजातान्त्रिक विचारधाराले युक्तभै प्रजातान्त्रिक संस्थाको निर्मातृ तथागत नै हो भनी भन्न सकिन्छ ।

# पुरस्कार पनि, प्रचार पनि

**चर्चासँगै तथ्य पनि स्थापित गर्ने अभियान**

✍ देवेन्द्र भट्टराई

हिन्दुस्तान टाइम पत्रिकाको ३० वैशाखको नयाँदिल्ली संस्करणमा 'उत्तर प्रदेशकी मुख्यमन्त्री सुश्री मायावतीको प्रगति विवरण शीर्षकमा एउटा विज्ञापन छापिएको छ । त्यसमा भारतको उत्तरप्रदेशकी मुख्यमन्त्री मायावतीको चारवर्षे कार्यकालको समग्र विकासलाई प्रस्तुत गर्न खोजिएको छ । सामग्रीका चारवटा बुँदाले गौतम बुद्धको नाममा बनेको र बन्दै गरेको विश्वविद्यालय तथा कलेजको विवरण पनि समेटेका छन् ।

ग्रेटर नोएडाको ५ सय ११ एकड जमिनमा १ हजार २ सय ९० करोड भारतीय रुपियाँमा बनेको गौतम बुद्ध विश्वविद्यालयमा पाँच हजार विद्यार्थीले उच्च शिक्षा हासिल गर्नसक्ने विज्ञापनमा उल्लेख छ । दुई वर्षसम्म विश्वविद्यालयका सबै परियोजना निर्माण भइसक्ने भनी छापिएको उत्तर प्रदेश सरकारको त्यस विज्ञापनमा दुईवटा अभिप्राय लुकेका देखिन्छन् । एउटा त, आगामी वर्ष हुने राज्य विधानसभाको चुनावमा मायावतीको बहुजन समाज पार्टीका पक्षमा घुमाउरो शैलीमा भोट माग्नु । र, अर्को बुद्धजयन्तीका बेला पारेर गौतम बुद्धको जन्मस्थलबारे प्रतीकात्मक सन्देश दिनु ।

मायावतीकै राज्यमा पर्ने भैरहवा-सुनौली सीमावर्ती भारतीय भूभागमा भगवान् बुद्धको जन्मस्थलबारे मनगढन्ते प्रचार गर्दै आएको छ । यस्तो दुष्प्रचारले सोही क्षेत्रमा दसगजावारिको लुम्बिनी-कपिलवस्तुको वास्तविकतालाई ओझेलमा पारेको छ । तर, बुद्धप्रति चासो र चर्चा भने विश्वस्तरीय रूपमा सुरू भएको छ । जस्तो : यसपटक नेपाल सरकारले स्थापना गरेको ५० हजार अमेरिकी डलरसहितको गौतम बुद्ध अन्तर्राष्ट्रिय शान्ति पुरस्कार लिन दोश्रो विश्वयुद्धमा परमाणु बमले ध्वस्त भएका जापानको हिरोसिमा र नागासाकीका मेयरहरू नेपाल आएपछि भगवान् बुद्ध र लुम्बनीबारे धेरेथोर अन्तर्राष्ट्रिय सद्भाव पनि थपिएको छ ।

संयुक्त राष्ट्रसंघको मुख्यालयमा महासचिव वान-कि मुनले पनि बुद्धजयन्ती मनाउने पद्धति सुरू गरेका कारण बुद्धबारे अरू चासो र चर्चा बढिरहेकै छ । दुई जना मेयरका साथमा दोश्रो विश्वयुद्धमा ध्वस्त नागासाकी सहरका दुई जना 'हिमाकुसा' (पीडा सहअनुभूति गर्ने) ८५ वर्षीया कियोमी इगुरो र ७५ वर्षीय तोयोइची इहारा पनि नेपाल आएका थिए । युद्धका ती दुई जापानी साक्षीहरू यो कस्तो पीडा होला जसलाई भोगेको ६६ वर्षदेखि अझैसम्म भुल्न सकिएको छैन' भन्दै थिए । आणविक होडका विरूद्धमा उत्रिएका हिरोसिमा र नागासाकीका दुई मेयर र दुई साक्षीले भगवान् बुद्धको अहिंसा र शान्तिको मूलमन्त्रलाई आफूहरूले आत्मसात् गरेर विश्व समुदायसँग यसैको अभियानमा सघाउ पुऱ्याउन बिन्ति गरिरहेका थिए । बुद्ध-शान्ति नाममा सुरू भएको यस **'मेयर्स अफ पिस'**



**युद्धका साक्षी कियोमी इगुरो र तोयोइची इहारा (बायाँ), मेयरद्वय अकिबा (बीच) र ताउए (दायाँ)**

अभियानमा अहिले विश्वका पाँच हजारभन्दा बढी सहर र त्यहाँका मेयरले समर्थन जनाइसकेका छन् । भारत, पाकिस्तान र चीनका सहरहरूसहित सदाबहार युद्धभूमि मानिने इजरायल र प्यालेस्टाइनका सहरहरू पनि यो शान्ति अभियानमा जोडिएका रहेछन् ।

दुई महिनाअघि जापनमा गएको भुइँचालो र लगत्तै सुरू भएको आणविक भट्टी विस्फोटको त्रासमाभ 'मेयर्स अफ पिस' को बोली, अभियान र उनीहरूले पाएको गौतम बुद्ध अन्तर्राष्ट्रिय शान्ति पुरस्कार अभ सान्दर्भिक बनेको छ । आणविक तहको नभए पनि एक दशकभन्दा लामो समय सशस्त्र द्वन्द्वको मारबाट गुज्रिएको नेपालमा इतिहास सम्भाउने र भविष्यमा सचेत बनाइराख्ने शान्ति संग्रहालय स्थापना गर्ने पहल पनि सुरू भएको छ । यो संग्रहालय स्थापना अभियानमा कुलचन्द्र गौतम, केदारभक्त माथेमा, सागरशमशेर राणा लगायतका आ-आफ्नो क्षेत्रका विज्ञहरू लागिपरेका छन् । यसलाई पनि शान्तिप्रेमी दुई मेयर ताउए र अकिवाले साथ-सहयोग दिने भएका छन् ।

जापानी संस्कृति र भाषामा पारंगत त्रिभुवन विश्वविद्यालय, राजनीतिशास्त्र विभागका सहप्राध्यापक खड्ग केसीका बुभाइमा हिबाकुसाको प्रतिकात्मक अर्थमा भागवान् बुद्धलाई उभ्याउने काम भएको छ । विशेषतः छिमेकी भारतका केन्द्रभन्दा पनि राज्य सरकारहरूले भगवान् बुद्धको जन्म र अस्तित्वको प्रश्नमा उठाएका विवाद पीडाको सहअनुभूति गराउने प्रकृतिका छन् । "जापानकै स्कुलका पाठ्यपुस्तकमा पनि अभै भगवान् बुद्धको जन्म भारतमा भएको भनेर लेखिएको छ" केसी भन्छन् । उनका भनाइमा, यसपटक हिरोसिमा नागासाकीका मेयरलाई अन्तर्राष्ट्रिय बुद्ध शान्ति पुरस्कार दिएर बुद्धको जन्ममाथि यथार्थ सम्भाउने कामसमेत भएको छ । दुबै मेयरले जापानको विदेश मन्त्रालयमा गएर बुद्धको जन्मसम्बन्धी ऐतिहासिक तथ्यबारे स्पष्ट पार्ने छन् । नेपाल वा भारतको अस्तित्वगत कालखण्डभन्दा अघि तत्कालीन तिलौराकोट राज्यमा बुद्धको जन्म भएको र पछि यो भूभाग नेपालमा परेकोबारे जापानी मेयरहरूलाई ऐतिहासिकताको आधारमा बुभाउने काम भएको रहेछ ।" अबका दिनमा कुनै भारतीय शान्तिप्रेमी अभियन्तालाई गौतम बुद्धको नामको यो अन्तर्राष्ट्रिय पुरस्कार दिएर भगवान् बुद्धको नेपाल-छवि थप स्थापित गर्ने हो कि ?" केसीको सुभाव पनि छ । श्रोतः ११/४२, नेपाल


## क्यानन बचत तथा ऋण सहकारी संस्था लि.

**५ वर्षे मुद्दतीमा सावाँको दोब्बर भुक्तानी गर्ने ।**

**मुद्दती बचतमा पाइने ब्याजदर**

| मुद्दती अवधि | मासिक | त्रैमासिक | अर्धवार्षिक | बार्षिक |
|---|---|---|---|---|
| १ वर्ष | ११% | ११.२५% | ११.७५% | १२% |
| २ वर्ष | ११.५% | ११.७५% | १२% | १२.५% |
| ३ वर्ष | १२.५% | १२.७५% | १३% | १३.५% |
| ४ वर्ष | १३% | १३.२५% | १३.७५% | १४% |
| ५ वर्ष | १४% | १४.२५% | १४.७५% | १५% |

सुपर सेभिङ्ग बचत खातामा (दैनिक मौज्दातमा) ८% ब्याजदर

**बचतमा पाइने ब्याजदर**

| बचत | ब्याजदर |
|---|---|
| साधारण बचत | ८% (६ महिनामा भुक्तानी) |
| बाल बचत | १२% (५ वर्षमा भुक्तानी) |
| आवधिक बचत ६/१२/२४/३६ महिना | ९%/१०%/११%/१२% |

**महिला बचत** ४२ महिनासम्म रकम जम्मा गरेमा ४३ औं महिनामा ५० किस्ता भुक्तानी ।

| कर्जा लगानी | ब्याजदर |
|---|---|
| ब्यापारीक/व्यक्तिगत कर्जा | १७% |
| कृषि कर्जा | १७% |
| सामूहिक जमानी कर्जा | १९% |
| हायर पर्चेज कर्जा | १६% |
| शैक्षिक/वैदेशिक रोजगार कर्जा | १७% |
| आवास कर्जा | १७% |
| मुद्दती कर्जा थप | ३% |

CANON 2066

सानो भऱ्यांग, स्वयम्भू-१५, काठमाडौं, फोन नं. ४२८८८६८

**Email : canon_se@email.com**

Voice of the Voiceless

# धर्म र राजनीति

✍ अखण्ड भण्डारी



तस्बिर हेर्नुस् । राष्ट्रपति र उपराष्ट्रपति उभिइरहेका छन् । त्यही लस्करमा छन् रक्षामन्त्री विष्णु पौडेल, संस्कृतिमन्त्री खगेन्द्र प्रसाईं, बिनाविभागीय मन्त्री घनश्याम भुसाललगायत टाइसुटमा केही व्यक्ति । यो के कार्यक्रमको तस्बिर होला, अनुमान गर्न सक्नुहुन्छ ? कतै कसैलाई स्वागतको तयारी त भइरहेको छैन ? पुस्तक विमोचनको परम्परागत शैली पो हो कि यो ? कुनै दलविशेषको कार्यक्रम हो कि ? वा सहिदको सम्झनामा २ मिनेट मौनधारण गरिरहेको पो छन् कि ? कि के हो यो ?

तपाईंको समय सकियो । अब म आफैं उत्तर दिन्छु- हो गत बुद्धजयन्तीमा लुम्बिनीमा आयोजित मूल समारोह ।

'हो र ?' अब तपाईंको मनमा प्रश्न उब्जियो होला, 'त्यसो भए खोइ त यहाँ भिक्षु-भिक्षुणीहरू ? खोइ त बख्खु लगाएका लामा र ठूलठूला गुरू-गुरूआमाहरू ? कहाँ छ यो मञ्चमा आसिनहरूमा बुद्ध धर्मको चिनो ?'

अचम्म ! भएछ त्यस्तै । त्यही धर्ममा जीवन सुम्पेका संसारभरिका दिग्गजहरूलाई दर्शक बनाएर राजनीतिक शक्ति मञ्चमा बस्यो । भाषण पनि उनीहरूले मात्र गरे, मूल मञ्चसमेत उनीहरूले ढाके । लुम्बिनीबाट चित्त दुखाएर राजधानी फर्केका भिक्षुहरू भन्छन्, त्यस्तो कार्यक्रम त काठमाडौंमै गरेको भए भइहाल्थ्यो नि ? मन्त्रीहरूको अनुहार हेर्न र भाषण सुन्न मात्र लुम्बिनी पुगेझैं भयो ।'

मलेसियाको शाक्यमुनि फाउन्डेसनका अधयक्ष भिक्टर वी बुद्धजयन्तीको अघिल्लो बेलुकी काठमाडौं आइपुगे । लुम्बिनी जाने जहाजको टिकट पाएनन् । रातारात गाडीबाट त्यहाँ पुगे । मेलेसियन टुरिज्म बोर्डका अध्यक्षसमेत रहेका भिक्टर, एयर एसिया सहितको समूहले लुम्बिनीको बृहत्तर विकासबारे गुरूयोजनाको प्रस्ताव सरकारालई बुझाइसकेको छ । लुम्बिनीलाई 'विश्व शान्तिको बगैंचा' बनाउन कस्सिएका उनीजसता कसैको नाम त्यहाँ उच्चारणसम्म गरिएन । यो कुर्सीमा बसुन् भनेर देखाइएन पनि । सन्दर्भ केही नपरेका मन्त्रीहरूलाई चाहिँ डोर्‍याउँदै र सलाम खुवाउँदै विराजमान गराइयो ।

**"नेपालमा जन्मेको धर्मलाई आफ्नो देशमा व्याप्त बनाएका त्यस्ता कति गुरु-गुरुआमाहरु यसपालि साह्रै हेपिएको महसुस गर्दै फर्किएका छन् ।"**

**"जब धर्ममा राजनीति हाबी हुन्छ, भ्रष्टाचारको धमिराले ध्वस्त बनाएको यो देशजस्तै त्यो धर्मलाई पनि बनाइदिन सक्छ । बेलैमा चेतना भया !"**

त्यो समारोहकै लागि भनेर तीन दर्जनभन्दा बढी देशका ठूलाठूला गुरू, गुरूआमा, गुम्बाका प्रमुख, भिक्षु-भिक्षुणी लुम्बिनी आइपुगेका थिए । उनीहरूको कसैले मतलब गरेन । विग्रिएका पंखा राखिएका टेन्टभित्र पसिना पुछ्दै दर्शकदीर्घामा बसेका उनीहरूले नेपाली स्वादको राजनीतिक भाषण सुने । बस् सकियो बुद्धजयन्ती ।

जुनसुकै धर्मको जन्मोत्सव त्यसका अनुयायीका लागि गर्वको दिन हुन्छ । त्यसलाई उनीहरू महान् पर्वका रूपमा मनाउन चाहन्छन् । आफ्नै पाराले सम्पन्न गर्दाको सन्तुष्टि अर्कै हुन्छ । संसारका कुनै पनि धार्मिक सरमोहमा राजनीतिनक हस्तक्षेप हुँदैन । भाग्यले हाम्रो देशमा जन्मेका शान्तिका नायक बुद्धको जयन्ती भने ठीक उल्टो भयो । बिरालाले मुसो ढुकेजस्तो माइक र मञ्च ढुकेर बसेका नेताहरूका लागि अन्ततः यो पनि एउटा मौकै भयो । शान्तिको थलोमा उनीहरूले भाषणको सिकार खेलिछाडे ।

राष्ट्रपति देशका प्रमुख हुन् । त्यो पदीय हैसियतमा उनको दल, धर्म केही हुँदैन । उनलाई प्रमुख अतिथि बनाउनु र मञ्चमा राख्नु ठीकै हो । त्यहाँ अरु मन्त्रीको के काम ? उनीहरूलाई ठाउँ दिने नै भए पनि धार्मिक गुरू, गुरूआमा, भिक्षु-भिक्षुणीलाई पहिलो महत्त्व दिनुपर्थ्यो । आयोजकलाई बुद्धको होइन, शक्तिको पूजा गर्नुथियो । गरे त्यस्तै । भिक्षुहरू संसार त्यागेका हुन्छन्, जब कि नेताहरू संसारकै शक्ति

समातेका हुन्छन् । त्यसैले पनि आयोजकले नेताहरू रोजेका हुन सक्छन् ।

हरेक धर्मका कार्यकारी मूली त्यसमै लागेका व्यक्ति हुन्छन् । धर्मका सिद्धान्त, दर्शन, ज्ञान, विज्ञान सबै उनीहरूलाई थाहा हुन्छ । राजनीतिको भऱ्याङ चढेर देश हाँक्ने थलोमा पुगेका व्यक्तिमा राज्य चलाउने कला हुनसक्छ, धेरै टाढाबाट धाएर आएका तीर्थालुलाई धार्मिक खुराक दिने हैसियत हुँदैन । के संसारका कुना-कुनाबाट हजारौं डलर पिटाएर हाम्रा मन्त्रीहरूका भाषण सुन्न मात्र बुद्धधर्मका विद्वानहरू आएका थिए त ?

नेपालमा बुद्ध जन्मिए । तर उनको दर्शन विश्वभर फैलियो शान्ति र अहिंसाका सूत्रधार उनका अनुयायी सर्वत्र छन् । सबैभन्दा बढी थाइल्याण्डमा कुल जनसंख्याको ९५ प्रतिशत बुद्धधर्मावलम्बी छन् । त्यस्तै कम्बोडिया ९० प्रतिशत, म्यानमार ८८, भुटान ७५, श्रीलंका ७०, लाओस ६०, भियतनाम ५५, जापान ५०, मकाउ ४५ र ताइवानमा ४३ प्रतिशत बुद्धधर्मावलम्बी छन् । नेपालमा यो धर्म मान्ने करिब ११ प्रतिशत छन् ।

नेपालमा जन्मेको धर्मलाई आफ्नो देशमा व्याप्त बनाएका त्यस्ता कति गुरू-गुरूआमाहरू यसपालि सार्है हेपिएको महसुस गर्दै फर्किएका छन् । पर्यटन वर्षको यो बुद्धजयन्ती त विदेशी पाहुनालाई भव्य स्वागत गरेर हुन सक्नुपर्थ्यो । पहिलोपल्ट स्थापना गरिएको पुरस्कार लिन आएका दुई जापानी पनि मञ्जमा मन्त्रीहरूको घेरामा बसाइए । हरेक वर्ष आएर उपस्थित सबै (तीन-चार हजार जना) लाई निःशुल्क खाना खुवाउने जापानी नागरिक नोबुओ कासाईका कसैले नामै लिएन । समारोहस्थलमा सयौं कुर्सी खाली थिए तर पास नभएका सर्वसाधारणलाई भित्र पस्न दिइएन । अरु धर्ममा इच्छुकलाई स्वागत गरिन्छ, हाम्रामा ढोकै लगाइयो ।

राजनीतिक पाहुना अघि-पछि दौडिइरहेका लुम्बिनी विकास कोषका पदाधिकारी उनीहरूको भाषण सकिएपछि सँगै राजधानी फर्किए । उनीहरू तिलौराकोट र देवदहसम्म पनि गएनन् । बुद्धजयन्तीका दिन बिहान मायादेवी मन्दिर परिसरबाट निकालिइएको शन्तिऱ्यालीमा समेत देखिएनन् । यही तरिका गर्ने हो भने राजधानीको खुलामञ्च र लुम्बिनीको मायादेवीको काखमा फरक के भयो र ?

जब धर्ममा राजनीति हाबी हुन्छ, भ्रष्टाचारको धमिराले ध्वस्त बनाएको यो देशजस्तै त्यो धर्मलाई पनि बनाइदिन सक्छ । बेलैमा चेतना भया !

श्रोत : कान्तिपुर, १९ जेठ २०६८

akhanda@kantipur.com.np

# स्वर्ण महोत्सव : धरान बुद्ध विहार

**उपासिका - पञ्चु शाक्य**

धरान - ७

धरान बुद्ध विहारको ५० औं स्वर्ण महोत्सव तथा बुद्धजयन्तीको अवसरमा यस विहारको संक्षिप्त परिचय दिन चाहन्छु- २०१७ सालतिरको कुरा हो, पूर्वाञ्चल क्षेत्रमै बुद्ध वा बुद्धधर्मको बारेमा राम्रो प्रचारप्रसार भएको थिएन । त्यसबेला बुद्ध को हुन्, बुद्धधर्म भनेको के हो, बुद्धधर्मबाट के ज्ञान प्राप्त हुन्छ भनेर बुझाउने कुनै विहार, गुम्बा, चैत्यको निर्माण नै भएको थिएन । यसै अवस्थामा बुद्ध को हुन्, बुद्धधर्म के हो, बुद्धधर्म र संघले जनमानसलाई के ज्ञान दिन्छ भन्ने कुराको केही ज्ञान नभएको हुँदा २०१८ सालमा गएर बुद्धधर्म र बुद्धको ज्ञान के हो भनेर चिनाउने मनसाय लिएर यहाँका सबै जातजाति, बुद्धधर्म प्रेमी तथा बुद्धधर्मप्रति आस्था राख्ने व्यक्तिहरूलाई संगठित गराई यस बुद्ध विहारको स्थापना भएको हो । जसले यो बुद्ध विहारलाई स्थापना गर्न आफ्नो कठोर परिश्रमका साथ अमूल्य योगदान दिनुभएको छ म उहाँहरूप्रति हृदयदेखिनै कृतज्ञता ज्ञापन गर्न चाहन्छु । साथै यो विहार स्थापना गर्नको लागि ७ कठ्ठा जग्गा दान दिनु हुने दिवंगत नानीबाबु हलुवाई तथा अनागारिका शासनवती गुरूमाँलाई पनि सधै स्मरण गर्न चाहन्छु ।

त्यसबेला पूर्वाञ्चल क्षेत्रमा पर्ने भोजपुर जिल्लामा बुद्धधर्म बारे ज्ञान त्यहाँका सीमित मानिसमा थियो । त्यसै कारणले होला पूर्वाञ्चल क्षेत्रमा पहिलो बुद्ध विहारको स्थापना पनि भोजपुर जिल्लामैं भएको थियो । त्यसपछि धरानको बुद्ध विहारको स्थापना भएको हो । २०१८ सालमा धरानमा बुद्ध विहारको स्थापना त भयो, तर यहाँको बुद्धधर्म प्रेमीहरूलाई बुद्धधर्मसम्बन्धी राम्रो ज्ञान नभएको हुँदा त्यसबेला यसविहारको राम्ररी विकास हुन सकेन । यसै क्रममा यस विहारको स्थापनकालभित्र दिवंगत भिक्षु विवेकानन्द महास्थविर कुशीनगरबाट धरान बुद्ध विहार परिसरभित्र प्रवेश गर्नुभयो । वहाँको आगमनपछि दिवंगत भिक्षु विवेकानन्द महास्थविरले आफ्नै हातबाट बुद्ध भगवान्को मूर्ति निर्माण गरी प्रतिस्थापना गर्नुभयो साथै यस विहारमा बुद्धधर्म बारे प्रवचनको माध्यमबाट बुद्धधर्मको आस्था जगाई बुद्ध, धर्म र संघ चिनाउनुभयो साथै पूजाविधि, सूत्रपाठ, पञ्चशील, अष्टशील, आदि विषयको ज्ञान दिनुभयो । वहाँले प्रतिस्थापना गरेर जानुभएको बुद्धप्रतिमाले आज यस बुद्ध विहारको समस्त बुद्धधर्ममा आस्था राख्ने व्यक्तिहरूको लागि श्रद्धाको प्रतीक भएर उहाँ अमर रहनुभएको छ । २०३६ सालमा यस धरान बुद्ध विहारमा दिवंगत भिक्षु मैत्रीको आगमन भयो र वहाँ यस बुद्ध विहारमा लामो समयसम्म बस्नुभयो । दिवंगत भिक्षु मैत्रीको लामो समयसम्मको उपदेश र बसाईपश्चात यस विहारले राम्रो प्रगति गर्ने अवसर पायो । विस्तारै धरानबासीहरूमा बुद्धधर्मप्रति जनचेतनाको साथै बुद्ध विहारभित्र हुनपर्ने नित्य कार्यक्रमहरूको तिब्ररूपमा विकास हुनथाल्यो । साथै यस बुद्ध विहारलाई स्थापना गर्न यस बुद्ध विहारभित्रको उपासिकाहरूको पनि उत्तिकै अमूल्य योगदान रहेको छ । यसरी विगतका बुद्धधर्मका अनुयायीहरूको अथक परिश्रम र उहाँहरूको तन, मन, धनको बलिदानले गर्दा आज यो धरानको बुद्ध विहार सम्पूर्ण धरानबासी तथा बुद्धधर्मावलम्बीहरूका लागि इतिहास भएर उजागर भएको छ ।

पालि-त्रिपिटक अनुवाद-माला : (वर्ष ३८ अंक १२ बाट क्रमशः) महापरिनिर्वाण-सूत्रको आधारमा

# बुद्धको अन्तिम यात्रा विवरण-४



✍ दुण्ड बहादुर वज्राचार्य

**"आनन्द ! जसले मनुष्य योनिमा जन्म लिएको छ ऊ (एक न एक दिन) मर्छ नै यसमा कुनै आश्चर्य छैन । कुनै मानिस मर्‍यो भन्ने उनीहरूको… बारे तथागतकहाँ आएर सोधी रहनु ठीक छैन । आनन्द ! यो त तथागतलाई कष्ट दिनु मात्र हुन्छ । आनन्द अतः म तिमीलाई धर्मादर्श नामक धर्म-पर्याय उपदेश दिने छु ।"**

*गताअंकबाट क्रमशः*

**कोटिग्राममा धर्मोपदेश** : त्यसपछि भगवान्ले आयुष्मान् आनन्दलाई आमन्त्रित गर्नुभयो– "आयुष्मान् आनन्द । जहाँ कोटिग्राम छ त्यहाँ जाऔं ।" "हवस्, भन्ते !" भनी आयुष्मान् आनन्दले भगवान्लाई प्रत्युत्तर दिए । त्यसपछि भगवान् महत् *(विशाल)* भिक्षुसङ्घसाथ जहाँ कोटिग्राम छ त्यहाँ जानुभयो । त्यहाँ भगवान् कोटिग्राममा बस्नुभएको थियो । त्यहाँ भगवान्ले भिक्षुहरूलाई आमन्त्रित गर्नुभयो–

"भिक्षु हो ! चारआर्यसत्य अनुबोध नभएकोले, प्रतिवेध नभएकोले यसरी दीर्घकाल देखि मेरो र तिमीहरूको *(यसरी)* दौडिरहनु परेको थियो=संसरण *(आवागमन)* मा परिरहेको थियो । के के चार ? (१) भिक्षु हो ! दुःख आर्यसत्य अनुबोध नभएकोले=प्रतिवेध नभएकोले यसरी दीर्घकालदेखि मेरो र तिमीहरूको दौडिरहनु परेको थियो=संसरण *(आवागम)* परिरहेको थियो । (२) भिक्षु हो ! दुःख समुदय आर्यसत्य… । (३) भिक्षु हो ! दुःख निरोध आर्यसत्य… । (४) भिक्षु हो ! दुःख निरोधगामिनी प्रतिपदा *(मार्ग)* आर्यसत्य अनुबोध नभएकोले=प्रतिवेध नभएकोले यसरी दीर्घकालदेखि मेरो र तिमीहरूको दौडिरहनु परेको थियो=संसरण *(आवागमन)* परिरहेको थियो । भिक्षु हो ! आर्यसत्य अनुबोध नभएकोले=प्रतिवेध नभएकोले यसरी दीर्घकालदेखि मेरो र तिमीहरूको दौडिरहनु परेको थियो=संसरण परिरहेको थियो । भिक्षु हो ! सो आर्यसत्य अनुबोध भयो=प्रतिवेध भयो । दुःख आर्यसत्य… दुःख समुदय आर्यसत्य… दुःख निरोध आर्यसत्य… दुःख निरोध गामिनी प्रतिपद् आर्यसत्य अनुबोध भयो,= प्रतिवेध भयो । भवतृष्णा उच्छिन्न भयो, भवनेत्ति *(भव तृष्णा)* क्षीण भयो । अब फेरि जन्म लिनु पर्ने कारण छैन ।

भगवान्ले यति भन्नुभयो । यसपछि सुगत शास्ताले फेरि यसो भन्नुभयो–

**चारआर्यसत्यलाई यथार्थ रुपमा नदेख्नाले ती-ती योनिहरुमा दीर्घकालदेखि आवागमन भईरहेको थियो । जबदेखि यी (चार आर्यसत्य) देखें बुझें तबदेखि भवनेत्ति (भव तृष्णा) समूह क्षीण भयो । दुःखको मूल (जरा) काटिसकेको छ । अब फेरि भवमा प्रवेश असम्भव छ ।**

त्यहाँ कोटिग्राममा बसिरहनुहुँदा भगवान्ले भिक्षुहरूलाई धेरैजसो यही नै धर्मदेशना गर्नुभएको थियो– यस्ता शील हुन्, यस्ता समाधि हुन्, यस्ता प्रज्ञा हुन् । शीलद्वारा प्रभावित भएको समाधि महाफलदायी र महाआनिशंसतर हुन्छ । समाधिद्वारा प्रभावित भएको प्रज्ञा महाफलदायी र महाआनिशंसतर हुन्छ । समाधिद्वारा प्रभावित भएको चित्त महाफलदायी र महाआनिशंसतर हुन्छ । प्रज्ञाद्वारा प्रभावित भएको चित्त महाफलदायी र महाआनिशंसतर हुन्छ । प्रज्ञाद्वारा प्रभावित भएको चित्त राम्ररी आस्रवबाट मुक्त हुन्छ । जस्तोकि कामास्रवबाट, भवास्रवबाट तथा अविद्यास्रवबाट ।

**धर्म-आदर्श (नामक) धर्म-पर्याय** : त्यसबेला भगवान् कोटिग्राममा यथानूकूल चारिका गर्नुहुँदै आयुष्मान् आनन्दलाई आमन्त्रणा गर्नुभयो– "यता आऊ, आनन्द ! जहाँ नादिका *(नातिका)* छ त्यहाँ जाऔं ।" "हवस्, भन्ते !" भनी आयुष्मान् आनन्दले भगवान्लाई प्रत्युत्तर दिनुभयो । त्यसपछि भगवान् महत् भिक्षुसङ्घ साथ जहाँ नादिका हो त्यहाँ पुग्नुभयो । त्यहाँ नादिकामा भगवान् गिंजकावसथमा बस्नुभयो । त्यसपछि आयुष्मान् आनन्द जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ गई भगवान्लाई अभिवादन गरी एक छेउ बसे । एक छेउ बसेका आयुष्मान् आनन्दले भगवान्लाई यस्तो बिन्ती गरे– "भन्ते ! साल्ह भिक्षु नादिकामा मरे, उसको के गति भयो, के अभिसम्पराय *(परलोक)* भयो ? नन्दा भिक्षुणी… सुदत्त उपासक… सुजाता उपासिका… कुक्कुट उपासक… कालिम्ब उपासक… निकट उपासक… कटिस्सह उपासक… तुट्ट *(तुष्ट)* उपासक, सन्तुट्ठ उपासक… भद्द *(भद्र)* उपासक… ? भन्ते ! सुभद्र उपासक नादिकामा मरे, उसको के गति भयो, के अभिसम्पराय *(परलोक)* भयो ?

"आनन्द ! साल्ह भिक्षु यहि जन्ममा आस्रवहरू *(चित्तमल)* को क्षय गरी आस्रवरहित चित्तको मुक्ति एवं प्रज्ञाविमुक्तिलाई स्वयं जानेर साक्षात्कार गरी यही जन्ममा अर्हत् भएका थिए । आनन्द ! नन्दा भन्ने भिक्षुणी पाँच अधोगामिनी *(ओरम्भागीय)* संयोजन परिक्षीण गरी औपपातिक देवलोकमा

उत्पन्न भई त्यसलोकबाट पुनः यसलोकमा नआउने भई त्यहीं नै परिनिर्वाण प्राप्त गर्ने भए । आनन्द ! सुदत्त उपासक तीन संयोजनलाई परिक्षीण गरी, राग, द्वेष र मोहलाई दुर्बल पारी सकृदागामी भए अर्थात् एकपटक मात्र यसलोकमा उत्पन्न भई दुःख क्षय गर्न सक्ने भए । आनन्द ! सुजाता उपासिका तीन संयोजन परिक्षीण गरी स्रोतापन्न, अविनिपाती, निश्चिन्त सम्बोधिपरायण भए । आनन्द ! कुक्कुट''' अनागामी''' कालिम्ब''' निकट''' कटिस्सह''' तुट्ठ''' संतुट्ठ''' भद्द''' सुभद्र उपासक, आनन्द ! पाँच अधोगामिनी संयोजन परिक्षीण गरी औपपातिक देवलोकमा उत्पन्न भई त्यसलोकबाट पुनः यसलोकमा नआउने भई त्यहीं नै परिनिर्वाण प्राप्त गर्ने भए । आनन्द ! नादिकाका पचासभन्दा बढी उपासकहरू मरेर पाँच अधोगामिनी संयोजन परिक्षीण गरी औपपातिक देवलोकमा उत्पन्न भई त्यसलोकबाट पुनः यसलोकमा नआउने भई त्यहीं नै परिनिर्वाण प्राप्त गर्ने भए । नादिकाका नब्बेभन्दा बढी उपासकहरू मरेर तीन संयोजनलाई परिक्षीण गरी, राग, द्वेष र मोहलाई दुर्बल पारी सकृदागामी भए अर्थात् एक पटक मात्र यसलोकमा उत्पन्न भई दुःख क्षय गर्न सक्ने भए । नादिकाका पाँच सयभन्दा बढी उपासकहरू तीन संयोजन परिक्षीण गरी स्रोतापन्न, अविनिपाती, निश्चिन्त सम्बोधिपरायण भए ।"

"आनन्द ! जसले मनुष्य योनिमा जन्म लिएको छ ऊ *(एक न एक दिन)* मर्छ नै यसमा कुनै आश्चर्य छैन । कुनै मानिस मऱ्यो भन्ने उनीहरूको''' बारे तथागतकहाँ आएर सोधी रहनु ठीक छैन । आनन्द ! यो त तथागतलाई कष्ट दिनु मात्र हुन्छ । आनन्द अतः म तिमीलाई धर्मादर्श नामक धर्म-पर्याय उपदेश दिने छु, जसबाटयुक्त भएमा कोही पनि आर्यश्रावक स्वयं आफ्नैले आफ्नो बारे व्याकरण *(भविष्य कथन)* गर्न सक्नेछ कि अब मेरो नरक पशुयोनि, भूत-प्रेतयोनि, अपाय, दुर्गति वा अधोगति क्षीण भईसक्यो, किनकि म स्रोतापन्न, अविनिपाती, निश्चिन्त सम्बोधिपरायण भईसकें ।

"आनन्द ! त्यो कुन चाहिँ धर्मादर्श नामक धर्म-पर्याय हो जसबाटयुक्त भएमा कोही पनि आर्यश्रावक स्वयं आफैले आफ्नो बारे व्याकरण गर्न सक्नेछ कि अब मेरो नरक ''' क्षीण भैसक्यो''' ? (१) आनन्द ! यहाँ आर्यश्रावक– उहाँ भगवान् अरहत् हुनुहुन्छ, सम्यक्सम्बुद्ध हुनुहुन्छ, विद्याचरणसम्पन्न हुनुहुन्छ, सुगत हुनुहुन्छ, लोकविद् हुनुहुन्छ, अनुत्तर पुरुषदम्य-सारथी हुनुहुन्छ, देव-मनुष्यका शास्ता तथा बुद्ध भगवान् हुनुहुन्छ । भनी बुद्धप्रति विशिष्ट रूपले *(अवेच्चप्पसादेन)* प्रसन्न भएको हुन्छ ।"

(२) "आनन्द ! यहाँ आर्यश्रवाक– 'भगवान्को धर्म सु-आख्यात *(राम्ररी व्याख्यान गरिराखेको)* छ, सांदृष्टिक *(यहिंको यहिँ नै फल दिने)* छ, अकालिक *(पर्खनु नपर्ने, तुरन्तै पाइने)* छ, एहिपस्सिक *(आऊ हेर ! भन्न योग्य)* छ, ओपनेयियक *(औपनयिक, निर्वाण नजिक पुऱ्याउने)* छ तथा विज्ञपुरुषद्वारा *(आफैले)* बुझ्न सकिने छ' भनी धर्मप्रति विशिष्ट रूपले प्रसन्न भएको हुन्छ ।"

(३) "आनन्द ! यहाँ आर्यश्रावक– 'भगवान्को श्रावकसङ्घ सु-प्रतिपन्न *(सुमार्गमा लागेको)* छ, ऋजु प्रतिपन्न छ, ज्ञेयमार्ग प्रतिपन्न छ, उपयुक्त मार्ग प्रतिपन्न छ, यीनै चार जोडा अर्थात् आठ पुद्गलहरू भगवान्को श्रावकसङ्घ हो – जो पूजनीय छ, पाहुना बनाउन योग्य छ, दक्षिणेय छ, हात जोरी नमस्कार गर्न योग्य छ र लोकवासीका निमित्त पुण्य क्षेत्र समान छ' भनी सङ्घप्रति विशिष्ट रूपले प्रसन्न भएको हुन्छ ।

फेरि आर्यश्रावक अखण्डित *(अविभक्त)*, अछिद्र *(निर्दोष)*, निर्दागी *(अकल्मष, निष्कलङ्क)*, निर्दोष *(शुद्ध)*, सेवनीय *(भुजिस्स)*, विद्वत्प्रशंसित *(विज्ञप्रशंसित)* अपरामर्शित तथा समाधि संवर्तनिक *(समाधितिर लैजाने)* शीलले युक्त हुन्छ ।

"आनन्द ! यहीं नै धर्मादर्श *(नामक)* धर्म-पर्याय हो जसले युक्त भएमा कोही पनि आर्यश्रावक स्वयं आफैले आफ्नो बारे व्याकरण गर्न सक्नेछ कि अब मेरो नरक, पशुयोनि, भूत-प्रेतयोनि, अपाय, दुर्गति वा अधोगति क्षीण भई सक्यो, किनकि म स्रोतापन्न, अविनिपाती, निश्चिन्त सम्बोधिपरायण भइ सकें ।

भगवान् नादिका''' मा बसिरहनुभएको बेला भगवान्ले भिक्षुहरूलाई धेरैजसो यही नै धर्मदेशना गर्नुभएको थियो । – यस्ता शील हुन् ''' *(पूर्ववत्)*''' ।

त्यसपछि भगवान् नादिकामा यथानुकूल चारिका गर्नुहुँदै आयुष्मान् आनन्दलाई आमन्त्रणा गर्नुभयो– 'यता आऊ, आनन्द ! जहाँ वैशाली छ त्यहाँ जाऔं ।' "हवस्, भन्ते !" भनी आयुष्मान् आनन्दले भगवान्लाई प्रत्युत्तर दिनुभयो । त्यसपछि भगवान् महत् भिक्षुसङ्घसाथ जहाँ वैशाली हो त्यहाँ पुग्नुभयो । भगवान् त्यहाँ वैशालीस्थित अम्बपाली बनमा बस्नुभयो । त्यहाँ भगवान्ले भिक्षुहरूलाई आमन्त्रणा गर्नुभयो–

"भिक्षु हो ! स्मृति र सम्प्रज्यन्य राखी विहार गर *(बस)* । यो तिमीहरूलाई मेरो उपदेश *(अनुशासन)* हो । भिक्षु हो ! कसरी भिक्षु स्मृतिमान भई बस्ने ? भिक्षु हो ! यहाँ भिक्षु कायमा कायानुपश्यी भई लोकमा *(यसै जीवनमा)* अविद्या दौर्मनस्यलाई हटाई, आतप्त गरी, सम्प्रज्ञानी भई, स्मृतिमान् भई विहार गर्छ, वेदनामा वेदनानुपश्यी भई''' विहार गर्छ, चित्तमा चित्तानुपश्यी भई''' विहार गर्छ, तथा धर्ममा धर्मानुपश्यी भई''' विहार गर्छ । भिक्षु हो ! यसरी भिक्षु स्मृतिमान् भई विहार गर्छ ।

**क्रमशः...**

NDEP BANK

# NDEP Development Bank Ltd.
# एनडिइपी डेभलपमेण्ट बैंक लि.

Licensed by NRB as "B" Category Institution

www.ndepbank.com

## सरल, सुलभ तथा सुरक्षित बैंकिङ्ग सेवाको लागि हाम्रो सेवा केन्द्रहरु




### सम्झनुहोस्
### सुरक्षित बचत, उच्च प्रतिफल एवं सरल कर्जाको लागि
# राजधानी बचत तथा ऋण सहकारी संस्था लि.

**संस्थाद्वारा निर्धारित ब्याजदर**

| **निक्षेपतर्फ** | | **ब्याजदर** |
|---|---|---|
| १. बचत खाता | | ९% |
| २. मुद्दती खाता | त्रैमासिक | एकमुष्ठ |
| ६ महिना | ९.५०% | १०% |
| १ वर्ष | १२% | १२.५०% |
| २ वर्ष | १२.५०% | १३% |
| ३ वर्ष | १३% | १४% |

३ वर्षभन्दा बढी अवधिको लागि आपसी समझदारीमा ब्याजदर तय गरिनेछ ।

२ वर्षभन्दा बढी अवधिको लागि रू. २ लाखभन्दा बढी रकम राखेमा मासिक रूपमा १३% का दरले ब्याज प्रदान गरिनेछ ।

**३. दोब्बर भुक्तानी योजना**

यस योजनाअन्तर्गत ५ वर्ष मुद्दतीमा साँवाको एकमुष्ट दोब्बर भुक्तानी गरिनेछ । यसमा लाग्ने ब्याज कर संस्थाले ब्याहोरिदिने छ ।

**४. ज्येष्ठ नागरिक पेन्सन योजना**

यस योजनामा सरिक हुनेलाई प्रत्येक महिना तोकिएको निर्धारित रकम प्रदान गरिनेछ, साथै दशैं खर्चको रूपमा एक महिना बराबरको थप रकम समेत प्रदान गरिनेछ र यसमा लाग्ने ब्याज कर संस्थाले ब्यहोरिदिने छ।

| ऋणतर्फ | ब्याजदर |
|---|---|
| १. विभिन्न कर्जा | १९% |
| २. व्यवस्थापन शुल्क | ३% |

(भुक्तानी म्यादभित्र चुक्ता गरेमा १% फिर्ता हुने)

३. मुद्दती रसिद धितोमा प्रदान गरेको ब्याजदरमा २% थप ब्याज दिइनेछ ।

## राजधानी बचत तथा ऋण सहकारी संस्था लि.

**बागबजार, काठमाडौं ३१, फोन : ०१-४२१९२५२**

दशपारमिता-१३

# शील पारमिता



✍ आचार्य भिक्षु कुमार काश्यप

"हानं खुसि सू थें अन्तय् सुनावनी । जिं इमिगु सेवा भतीचा हे अलसी मचासे यानाच्वनागु खः । जि मां-बाः 'पुता, पुता' धाधां पचि पचि यायां उखें थुखें जङ्गलय् चाःहिलाच्वनी । थ्व हे जिगु व घाः खः, गुकिं जिगु नुगःचु थररर खाकातल ।"

*वंगु ल्याः पाखें कथहं ....*

लोकय् पूजा व सम्मान याये योग्यपिं मध्यय् बुद्ध बोधिसत्त्व व मां-बौपिं अग्र जुयाच्वनी । गौतम बुद्धया बोधिसत्त्व जीवनया वृत्तान्त ब्वंसा भीसं खनी, बोधि प्रार्थना यासेंनिसें वसपोलसिबे छम्ह न्ह्योनेयाम्ह बुद्धतकया पूजा व सम्मान वसपोलं यानाबिज्यात । गौतम बुद्धं थःगु सम्बोधिया प्रार्थना दीपंकर बुद्धयाके यानाबिज्याःगु खः । अबलय् वसपोलं लँ दयेकाः बुद्धप्रति पूजा व सम्मान प्रकट यात ।

थ्वयां लिपा कौण्डिन्य बुद्धया इलय् बोधिसत्त्व विजितावी धयाम्ह चक्रवर्ती जुयाः बुद्धसहित भिक्षुसंघयात महादान याना स्वयं धर्मश्रवण यायेधुंकाः भिक्षु जुया वन । मंगल बुद्धया इलय् बोधिसत्त्वं सुरूचि धयाम्ह ब्राह्मण जुयाः जन्म काःगु जुयाच्वन । वं नं मंगल बुद्धसहित असंख्य भिक्षुसंघयात दान बिल, हानं लिपा स्वयं नं प्रव्रजित जीवन काल । सुमन बुद्धया इलय् अतुल धयाम्ह नागराज जुयाः महादान यात । रेवत बुद्धया इलय् अतिदेव धयाम्ह ब्राह्मण जुयाः बोधिसत्त्वं तःधंगु श्रद्धा क्यनाः बुद्धया गुण वर्णन यात । सोभित बुद्धया शासनय् धर्मोपदेश न्यनाः भिक्षुसंघयात अजित धयाम्ह ब्राह्मण जुयाः संघभोजन दोहलपिल । अनोमदस्सी बुद्धया पालाय् यक्ष सेनापति जुयाः संघ-दान यात । पद्मम बुद्धया पालाय् सिह रूपय् जन्म जुयाः निरोध-समापत्ति ध्यानय् च्वंम्ह बुद्धया प्रदक्षिणा यात । नारद बुद्धया इलय् ऋषि जुयाः भिक्षुसंघयात महादान यात । पद्ममोत्तर बुद्धया अग्रय् जटिल धयाम्ह महानागरिक जुयाः भिक्षुसंघयात स्वंगू वस्त्र प्रदान यात । सुमेध बुद्धया शासनय् उत्तर धयाम्ह ब्राह्मण माणवक जुयाः चय्गू करोड धन त्याग यानाः भिक्षु जुयाः प्रातिमोक्ष शील पालन यात । सुजात बुद्धया पालाय् चक्रवर्ती जुजु जुयाः महादान यात । प्रियदर्शी बुद्धया पालय् काश्यप धयाम्ह जुयाः स्वंगुलिं वेद-विज्ञ जुयाः संघाराम दयेकाः दान बिया प्रव्रज्या ग्रहण यात । अर्थदर्शी बुद्धया पालाय् सुसीम धयाम्ह तपस्वी जुयाः मन्दार स्वांया छत्रं बुद्धया पूजा यात । धर्मदर्शी बुद्धया इलय् शक्र जुयाः बुद्धया सम्मान व पूजा यात । सिद्धार्थ बुद्धया पालाय् मंगल तपस्वी जुयाच्वंगु खः । वं बुद्धयात जम्बु फल दान याये हल । तिष्य बुद्धयात सुजात क्षत्रीय जुयाः स्वांनं पूजा याःगु जुल । पुष्य बुद्धयात विजितावी जुजु जुयाच्वंम्हं राज्य तोताः शीलाचरणं बुद्धया पूजा यात । विपश्वी बुद्धयात अतुल नाग जुयाः सिंहाशन प्रदान यात । शिखी बुद्धयात अरिन्दम जुजुं चीवरवस्त्र व भोजनं पूजा यात । विश्वभू बुद्धयात सुदर्शन धयाम्ह जुजु जुयाः, ककुसन्ध बुद्धयात खेम धयाम्ह जुजु जुयाः, कोणागमन बुद्धयात पर्वत धयाम्ह जुजु जुयाः दानादि पुण्य कार्य यात । काश्यप बुद्धया पालय् ज्योतिपाल ब्राह्मण युवक जुयाः प्रव्रजित जीवन काल । थ्व जातकीय अभिव्यक्ति अवदान-साहित्यं छुं परिवर्द्धन व परिवर्तनया कुतः नं याःगु खनेदु । यःगु थजु, सारांश अभिप्राय बुद्धप्रति अभिवादन व वन्दना मानादिया चारित्र शील पालन बोधि प्रार्थनांनिसें बोधि प्राप्तितक जूगु खँ न्ह्यथनेगु हे जक खः ।

वथें हे न्ह्यागु जन्मय् नं बोधिसत्त्वं थः मां-बौपिंत गौरव सत्कार याः । गुगुं जन्मय् ला व गुण-धर्म पालन यायेत जीवन हे परित्याग याःगु दु ।

अलिन्दं थः अबु जयदिस्सया निंतिं प्राण उत्सर्ग याःगु चारित्र शीलया वर्णन च्वय् वने हे धुंकल (जातक ५१३) । बुद्धया उपदेश कथं गत यौवनया मां-बौपिन्त थःके समर्थ दयेक नं पालनपोषण मयाःम्ह मनू नीच खः । उकिं बोधिसत्त्वपिसं थ्व कर्तव्य पालनया अवसर तंके मालकि तःधंगु अपशोच याइ । बोधिसत्त्व सामया (जातक ५४०) विरह थुजागु हे विरह खः ।

निम्ह निषाद मित्रपिनि छम्ह छम्ह सन्तान खः, दुकूलक व पारिका । निम्हसितं अनिच्छापूर्वक विवाह यानाबिल । निम्हं रागार्णवय् मदुंसे बह्मा थें च्वंच्वन । हानं

निम्हं मां-बौयाके बचं कयाः हिमप्रदेशया हिमनदी सिथय् तपस्या याः वन । शक्रं इमिगु भिन्तुनाः पुत्र प्राप्तिया निंतिं प्रार्थना यात । तर इमिसं स्वीकार मयाः । अन्तरय् पारी तपस्विनीया ऋतुमती कालय् नाभिस्पर्श यायेवं इन्द्रया प्रभावं गर्भ धारण जुल । जन्म जुइवं वयात सुवर्ण साम धकाः नां छुत । हानं मां-बौपिं अन्धअन्धा जुइवं पालनपोषण यानाच्वन । छन्हु लः काःवना च्वंबलय् वाराणसीया जुजु पिलीयक्ख धयाम्ह जुजुं मृगयात धकाः कयेका हःगु वाणं सुवर्ण सामयात लात । मरणपीडा जूम्ह बोधिसत्त्व सामं जुजुयात धाल, "जि मां-बौयाथाय् छवाःयात नयेगु दनि । तर लः मंत । उकिं जि अन्धापिं मां-बौ लः त्वने मखनाः हे सीगु जुल । जि थः सी खनाः मग्याः । थ्व ला मनू धयाम्हसित जु हे जू । जितः ला जि मां-बौया नये मखनीगु दुःख जुयाच्वन । व जिम्ह विचरी मां पक्का नं ताउततक ख्वयाच्वनी । हानं चान्हे वाचा फःपुलीबलय्तकं वया ख्वबि खुसि सू थें सुनावनी । व जिम्ह बानं ताउत ख्वयाच्वनी । हानं खुसि सू थें अन्तय् सुनावनी । जिं इमिगु सेवा भतीचा हे अलसी मचासे यानाच्वनागु खः । जि मां-बाः 'पुता, पुता' धाधां पचि पचि यायां उखें थुखें जङ्गलय् चाःहिलाच्वनी । थ्व हे जिगु व घाः खः, गुकिं जिगु नुगःचु थररर खाकातल ।' जुजुं सामयागु विरह न्यनाः लाय्कुली लिहां मवंसें अन हे च्वनाः उपिं अन्ध-अन्धापिं सामया मां-बौपिनिगु सेवा यायेगु मनं तुन । उकिं जुजुयात लँपु क्यनाः सुवर्ण सामं धाल, जिगु छ्यों फुसे गुगु लँपु दु - अनं बाक्वय् वनेव जि मां-बौपिं च्वनाच्वंगु थाय् थ्यनी । अन वनाः इमिगु सेवा या । हे काशीराज, छन्त जिगु नमस्कार दु । हे काशी-वर्धन, छन्त जिगु नमस्कार दु । घोर-जङ्गलय् छं जि-बौया सेवा या । जिगु बिन्ति दु । जि मां-बौयात जिगु नमस्कार थ्यंका ब्यु ।'

थुपिं शब्द पालि गाथाया अनुदित शब्द खः । थुकी दुने चारित्र-शील पालनया क्रियात्मक उद्घोषण प्रतिध्वनित जुयाच्वंगु दु । लिपा मांम्हसिया सत्य-प्रभावं साम स्वस्थ जूगु वर्णन धाइ थन भीत सम्बन्धित विषय मजू ।

हिमालयया लिक्क च्वंगु वन-प्रदेशय् च्वंम्ह किसितय् नायलं थः मांयात बांलाक पालनपोषण यायेत परिषद् हे त्याग यात । तर अन्धाम्ह मांयागु सेवा यानाच्वंम्ह किसिं छम्ह जंगलय् लँ तंम्हसित लँपु छु क्यनाबिल, जुजुयात वनाः सर्वश्वेत किसिया बारय् वर्णन यानाः न्यंकल । हानं वयात लाना यंकल । तर किसिं अन नये त्वनेगु हे मयाः । अले जुजु स्वयं हे न्ह्योने वयाः न्यने उम्ह किसिं धाल, 'उम्ह जिम्ह मिखां मखंम्ह मांयात लँ क्यनाबीपिं सुं मदु । वं चण्डोरण पर्वतपाखे थःगु स्वं व तुति बबस्वानाः बिरह यानाच्वन जुइ ।' जुजुं थ्व खँ न्यनाः व किसियात बन्धनं मुक्त यानाबिल । हानं वयागु शिला-प्रतिमा दयेकाः दँय् छको थःगु देशय् जात्रा नं यात (मातिपोसक जातक ४५५) । थ्वया सारांश खः, बोधिसत्त्वपिसं चारित्र-शील पालन मयासें नयेगुसिबे मनसें सिना वनेगु उत्तम भालपी । हानं गुम्हसिनं बांलाक थुजागु चारित्र-धर्म पालन याइ, वयागु यात्रा उत्सव याये बहः जू । थ्व हे खँ गिज्फ जातकं (३९९) नं धाः ।

चरित्र-शील मांया सेवाय् थःगु प्राण उत्सर्ग याःगुया बांलाःगु उदाहरण चुल्ल नन्दिय जातकं (२२२) प्रस्तुत याः । नन्दिय व चुल्ल नन्दीय माकःया मांम्ह माकलं मिखां मखं । इपिं निम्हं माकःपुचःया नायः खः । माकःया नेतृत्व याना च्वँच्वं इमिसं मांम्हसित बिया हःगु नयेगु त्वनेगु बांलाक मांम्हसिथाय् मथ्यं । अले थ्व हे कारणं खिन्न जुयाः मांयागु हे सेवा याये धकाः दाजुम्हं किजाम्हसित सःताः नेतृत्वया भार लःल्हायेत स्वत । तर किजाम्ह चुल्ल नन्दिय माकः चित्त बुझे मजू । अले निम्हं जानाः मांम्हसिगु सेवा उपस्थान यानाच्वन । छन्हु छम्ह शिकारीं फुसुलु ल्हाःतं छैँय् लिहां वयाच्वंबलय् उम्ह अन्धाम्ह माकःयात खंकल । अले कयेका स्याये त्यन । थ्व खनाः नन्दियं थः किजायात थः मदये धुंका बांलाक मांयागु सेवा या धका धयाः व थः शिकारीया न्ह्योने प्रकट जुल । हानं धाल, 'शिकारी, छं जिम्ह बूढीम्ह मांयात स्यायेमत्य । का बरू जितः स्या । जिं जिमि मांया थासय् आत्म त्याग याः वयाच्वना ।' शिकारीं थुगु खँ स्वीकार यात । तर नन्दिययात स्याये धुनेवं उम्ह शिकारीं हानं वृद्धाम्ह माकःयात नं स्याये त्यन । अले चुल्ल नन्दिय माकः न्ह्योने च्वं वयाः धाल, 'हे शिकारी, छं छाय् जिम्ह वृद्धाम्ह मांयात स्याये त्यना ? का छंत मगाःसा जि थः हे नं सिना बी । तर छं जिम्ह मांयात तोता ब्यु ।' थथे धयाः उम्ह शिकारीयात थः वृद्धाम्ह मां स्यायेमखु धकाः प्रतिज्ञा नं याकाः चुल्ल नन्दिय माकलं आत्म-समर्पण यात । तर शिकारीं वयात स्याये धुंकाः नं हानं उम्ह वृद्धाम्ह माकःयात स्यात । थुगु पापं व शिकारी पृथ्वी तज्यानाः म्वाः म्वांक अवीचि नर्कय् कुतुंवन । थुकथं थ्व जातक छखे चारित्र-शीलया पारमिताय् परमत्थ पारमिताया उदाहरण जू, मेखें थ्व जातकं शील परमत्थ पारमिता पूर्ण याःपिनि प्रति अन्याय याःगुया विपाक नं क्यं ।

***कथहं ....***



# छपु बोधिमाला म्ये

– लाभरत्न तुलाधर

धुचापतिं तारेमाम धयां तरे जुइला
कोखं मोल्हुइथें प्याकाः नुगः यचुइला ॥धु॥

अनेतने धर्म-पुथि आपालं मुन जुइ
मन तयाः निगू प्यंगू ब्वना नं बिल खइ ॥
ब्वनां जक नं मगात, नुगलय् ग्ययेमाःगु
थइकां जक नं मजिल, सचे यायेनु द्वंगु ॥१॥

भजन याये मसःम्हसां मूखँ थूसा जिल
बुद्धपूजाय् हे मथ्यंसां लही माःगु शील ॥
थुगु विधिं तथागत सत्तिक सु वनी
श्रद्धालु दातापिं ति हे पुण्य उम्हं मुनी ॥२॥

पासापिन्त फूर्ति यानाः ध्यान तःधं धाइपिं
पिकनिकय् न्ह्याइपुके थें विपश्यना याइपिं ॥
शील पालन तलाजुइ इजार चबूपिं
थ्व पहःया ध्यानी सिबे सच्चरित्र तःमि ॥३॥

# दुःखीया क्रन्दन

– राज शाक्य "जरा दुखी"

ह्वयाच्वंगु जिन्दगीया नस्वागु स्वां
थ्वया काल निर्मम स्वार्थीतय्सं
गमलाय् क्वचिनाः मतिना यानागु धयाः
वां छोया बिल निन्हु लिपा कोठासं ।

सकलें दःसां सुं मदु जि
ब्याच्वना कुटिल संसारय्
दुःखं छ्वल तन-देबाय्, मन इताः
मन्त जीवनय् छुं लक्ष्य रे ।

हेय दृष्टिं स्वइगु जितः कुटुम्बं
भ्वय् नके मफुम्ह मनू धकाः
दुःख मताया जिगु चितास
ख्वबि हायेकिपिं सुं मदु धकाः ।

माया मोह मतिनाया पीर मन्त
मलात परिपञ्चया बन्धन जालय्
न्ह्यायेमा जीवन-खुसि, रोग-कष्टरहित
समावेश जुयेत, मृत्यु सागरया मुलय् ।

# हामी क्षान्तिवादीहरू

✍ आर. के.

हामी बौद्ध मार्गीहरु
क्षन्तिवादी जातक सुनेर
क्षान्तिको बाटो अँगालेर हिंडेकाहरु
के भयो र बुद्धको अगाडि शब्दहरु थप्दैमा
लोभी बुद्ध भनेर रेष्टुरेन्टको नाम राख्दैमा
हामी क्षन्तिवादी बौद्धहरु
त्यो त लण्डनको कुरा...........
हाम्रो नेपालको त हैन नी
नेपालकै भएपनि हाम्रो गाउँको त हैन नी
गाउँकै भएपनि मेरो घरको त हैन नी
हामी क्षन्तिवादी बौद्धहरु
बुद्ध हाम्रो, हाम्रो नेपालको
धर्म हाम्रो अंशभाग
बाँडेर लिएको त धेरै वर्ष भैसक्यो
थेरवाद, महायान, वज्रयानमा टुक्रेको
हामी क्षन्तिवादी बौद्धहरु.........
इतिहास धेरै लामो छ
खोतल्ने हो भने वर्षौं लाग्छ
तसर्थ.....
त्यो अपमान मेरो बुद्धको होइन
भएपनि
नाम पो राखेको हो अरू केही गरेको त हैन नी
निकाय किटान गरी राखेको पनि त छैन नी
राखेकै भएपनि,
हामी क्षन्तिवादी जातकबाट अभिप्रेरित भएको
क्षन्तिवादी बौद्ध हौं हामी................

# NICHIDATSU FUJI (6th August 1885 – 6th August 1985)

## A Renowned Figure of the Buddhist Land & A World Peace Marcher In Special Reference to Pokhara



✍ **Trans. Amrit Ratna Tuladhar**

"As a result of progress made in science, it is now clearly understood, that the universe (including our world) moves on by itself; change is inherent in the stricture of matter and energy that makes up the universe."

Venerable Master Fuji from the Great Land of the Rising Sun happened to spend some months in Kathmandu Valley, Banepa, Tansen, etc. performing sentimental prayers and worship rituals in the different monasteries plus lamaseries all for the sake of universal peace. Simultaneously he soon after reported to Pokhara Valley as well where he had a hearty opportunity of meeting Rev. Anagarika Dharmasheela and Mr. Min Bahadur Gurung (Ex-Minister) through Mr. Prem Bahadur Shakya — the Chairman cum Patron of "Nepal Buddhist Society." Heavily shocked by the sudden demise of his old beloved mother, Min Bahadur Gurung possessed the sole intention of earning merits in fond memory of and in moral dedication to his deceased maternal parent. It was a firm determination indeed. An active team of three including Ven. Father Fuji, Rev. Anagarika Dharmasheela and Min Bahadur Gurung then held a meeting of mutual understanding whence they virtually arrived at a fruitful negotiation of establishing a World Peace Pagoda in Pokhara. Min Bahadur Gurung suggested that the pagoda be constructed in Andu Thumko Hill across the Fewa Lake where he owned a personal plot of land property that could willingly be contributed to the noble cause. The proposal was duly sanctioned that ultimately urged the senior monk or the high Lama of Japan to decide laying the technical foundation of the World Peace Pagoda on the 27th of Bhadra 2030 Wednesday. The relevant plan in event got materialized, starting with the preparation of a big prayer hall, and later a guest-house and one separate vihar for the Ven. Guru himself all which saw three houses in general.

A standing artistic statue of large size of Lord Shakya-Muni Buddha meant for the Prayer Hall was brought all the way from Patan, the City of Fine Arts. On the 13th of Mangsir 2030 amidst a sanctified public function led by an interesting musical band, the titanic idol made a complete round of the bazaar before getting installed in the newly constructed Prayer Hall. It was a grand ceremonial procession conducted the formal way.

Funds of cash and kind and labor donation offered by the sincere devotees of Pokhara Valley, Kathmandu Valley and Palpa District enabled the authority to seek a rapid progress of the erection of the World Peace Pagoda. Feeling gladly satisfied then Ven. Master Fuji returned to Kathmandu Valley assigning behind the responsibility of the onward construction of the World Peace Pagoda to the authority concerned. On the 6th of August 1973, his 89th Auspicious Birth Anniversary was celebrated with zeal and enthusiasm in the Memorial Hall of Ex-Gorkha Army Association in Pulchowk of Lalitpur. A certain Indian intellectual who also happened to be a chief disciple of Hon. Master Fuji called Upendra Maharathi was too one of the trusted invitees to the jubilant birth anniversary. He has made the following comments on the birth anniversary being put on in Nepal: "When I along with brother Durga Prasad Sharma were invited to the 89th Birth Anniversary of Ven. Master Fuji in Kathmandu on the 6th of August 1973, I was highly impressed by the paramount respect shown to the Great Japanese Lama by different devotional citizens and residents. I have never witnessed such a superb presentation being initiated elsewhere all my life besides Japan."

After that in the same year of 1973 Ven. Master Fuji returned to Japan around the autumn season, say September/October. What an utter disappointment! A terrible mishap befell on the World Peace Pagoda of Pokhara that had already been built 35 feet tall all against his ambition. The Local Administration arrested the Chief Founder of the World Peace Pagoda, Mr. Min Bahadur Gurung, under the Law of Security and sentenced the latter to a prison

term of 18 months in Pokhara Jail from the 4th of Shrawan 2031. Following that his son namely Krishna Bahadur Gurung was too detained on the 26th of Kartik 2031. He got jailed in Lamjung for 6 months and imprisoned elsewhere as well in secrecy all summing up to a period of 1 year. How merciless!

The Local Administration dispatched the Royal Gorkha Army up the hill, ordering them to launch an imminent assault on the World Peace Pagoda. Heavily booted soldiers scaled the pagoda, kicked hard and pulled it down the roughest way. They totally dismantled the beautiful Buddhist shrine till the foundation beneath. In other words, it got smashed into minor pieces by the brutal force. The Buddha-Monastery (decked with the glorified Buddha Statue), Prayer Hall and Guest Houses already built long before and already in daily use as well were completely destroyed. Construction materials were looted and dispersed here and there. There wasn't any need of military action upon the universal peace monument at all which but means top aggression. Trees were cut down against any reforestation policy or forestation thinking. It was a sinister combat sparked by the obnoxious Hindu fundamentalists indeed.

The Local Administration fostered a wrong interpretation and their remark went beyond any good reason. They blamed the World Peace Pagoda authority for failing to fetch the official consent of the Town Planning Executive Committee towards the subsequent erection of the universal peace monument whilst the basic fact goes: The Town Planning was implemented on the 17th of Mangsir 2030 only prior to which the Buddha-Statue was done building and the construction task of the World Peace Pagoda had solely progressed far in advance in a radical step.

The authentic truth very obviously- "The sovereign power of Brahmanism stood at its zenith in Nepal !"

Had the Local Administration the real intention of not granting the authority the rightful permission of creating the World Peace Pagoda, the former ought to have stopped the feasible movement of the Prayer Hall in a sharp manner at the time concerned than lag behind. Setting an instant attack at an area where 3 houses had been finished proves to be a helpless situation rather. This is a point to be seriously taken not only by the Buddhists but by the intellectual Hindus as well. There incurs an absolute want of deep contemplation.

After the dawn of democracy (the ultimate fall of the Panchayat Regime), happiness fills our bosoms when we come to hear of the re-construction of the World Peace Pagoda in Anadu Thumko Hill of Pokhara that was cruelly destroyed 18 years ago. Not only are all the Buddhists but the entire civil humanitarians (particularly the Hindu intelligent) also are delighted much to witness the project. The removal of the World Peace Pagoda that was erected in the birth-land of Siddhartha Gautama Buddha in the name of Lord Shakya-Muni Buddha has left the Buddhists along with their witty Nepalese counterparts broken hearted. Unnecessary doubts fear and suspicions have crept on the minds of many. There existed a sheer loss of common faith in the talk of religious tolerance and equality. The pitiful incident became a national distress which also brought global disturbance making headlines in prominent international journals.

On the other hand, it would be too foolish on our part to guess that the destruction of the World Peace Pagoda has hampered the Buddhist Philosophy alone. It has in time diminished the religious importance of Pokhara, has blocked the rapid development of a particular region, and has left many behind jobless and unemployed. A poor impression got drastically cast in the scene of international affairs while the national property has been badly misused.

At present with the generous cooperation and full effort of all Dharma comrades following the aftermath of the People's Revolution, His Majesty's Government gave a ministerial decision on the re-establishment of the World Peace Pagoda. The plan of second time was resolved officially on the 8th of Ashwin 2048 the invaluable outcome or the effective feedback of which saw the Right Honorable Prime Minister Girija Prasad Koirala laying the auspicious foundation on the 7th of Jestha 2049 and the task of re-construction then commencing spontaneously. The "World Peace Pagoda Re-Construction Committee, Pokhara" wishes to tender a most humble appeal to all national, international Buddha Dharma friends, donors, development oriented individuals and progress loving residents to pay strict attention on extending all the needed moral support towards the punctual accomplishment of the World Peace Pagoda that had been a heritage of priority of all the Buddhists and Nepalese. It is a matter of fortunate pride for us all to be able to lay our decent hearts on the pious deed with a combined commitment of mobility, will and wealth. The ardent responsibility of the finalization on the construction of the World Peace Pagoda and worship rituals in Pokhara.

# बौद्ध गतिविधि

## आनन्दकुटीमा विशेष समारोह

३ जेठ २०६८, काठमाडौं । बुद्धको जन्म, सम्बोधिलाभ तथा महापरिनिर्वाण दिवस २५५५ औं बुद्धपूर्णिमा-वैशाखपूर्णिमाका दिन बुद्धजयन्ती समारोह समितिको आयोजनामा आनन्दकुटी विहार, स्वयम्भूमा विभिन्न कार्यक्रमहरू आयोजना गरियो । विहान बुद्धको पवित्र अस्थिधातु सर्वसाधारणलाई दर्शन गराउन श्रीलंकाको महामहिम राजदूतावासका प्रतिनिधिले शीरमा राखी पवित्र अस्थिधातु दर्शनका लागि निर्मित विशेष मण्डपमा पुऱ्याइयो । ज्ञानमाला भजन खलः, स्वयम्भूको ज्ञानमाला भजन प्रस्तुति, भिक्षु, श्रामणेर, अनागारिका, वज्राचार्य तथा लामा गुरुहरुहरूको समुपस्थितिमा बुद्धपूजा, धर्मदेशना लगायत विविध धार्मिक समारोह सम्पन्न भयो । उपस्थित लाखौं भक्तजनहरूलाई क्षीरभोजन, ७७ जनाबाट रक्तदान कार्य भएको थियो ।

अपरान्ह बुद्धजयन्ती समारोह समितिका धर्मानुशासक एवं आनन्द कुटी विहारका प्रमुख आचार्य भिक्षु कुमारकाश्यप महास्थविरको सभापतित्व तथा माननीय उपप्रधानमन्त्री भरतमोहन अधिकारीको प्रमुख आतिथ्यमा सार्वजनिक बौद्ध सभा सम्पन्न भयो । मित्रराष्ट्र म्यान्मारका महामहिम राजदूत ऊ थेत् ऊ र समारोह समितिका उपाध्यक्ष एवं अखिल नेपाल भिक्षु महासंघका सचिव भिक्षु धर्ममूर्ति महास्थविरले मन्तव्य व्यक्त गर्नुभएको सो सभामा समारोह समितिका महासचिव संघरत्न शाक्यले स्वागत भाषण तथा उपाध्यक्ष गौतम शाक्यले साधुवाद ज्ञापन गर्नुभयो ।

बुद्धजयन्तीका दिन विगतमा क्षीरभोजन दान गर्नुहुने थानकोटका पृथ्वीनारायण मानन्धर, कालिमाटीका मंगलदास मानन्धर तथा यस वर्षका दाता ठमेलका मैयाँ मानन्धरलाई प्रमुख अतिथिबाट अभिनन्दनसहित बुद्धमूर्ति उपहार प्रदान गरियो । बुद्धजयन्ती समारोह समितिको पहलमा भिक्षु, अनागारिकाहरूलाई विभिन्न जिल्लामा बुद्धजयन्ती समारोहमा उपस्थित हुन आवश्यक व्यवस्था गर्दै आएको छ ।

## बेनीमा बुद्धजयन्ती सम्पन्न

म्याग्दी जिल्लाको सदरमुकाम बेनी बजारमा म्याग्दी बौद्ध संघको पहलमा विभिन्न बौद्ध संघसंस्था एवं बुद्धधर्ममा आस्थावान जातीय संघसंस्थाहरूको उपस्थितिमा बुद्धजयन्ती एवं लुम्बीनी दिवस समारोह समिति २०६८ गठन गरी २६३५ औं बुद्धजयन्ती तथा लुम्बीनी दिवस भव्यरूपमा मनाइयो ।

**पहिलो दिन बैशाख ३० गते** समितिको सदस्य संस्था महिला बौद्ध संघको संयोजकत्वमा रत्नेचौर गा.वि.स.को अर्मनको ड्यामड्यामे डाँडामा बुद्धपूजा, धर्मदेशना, रामचन्द्र मा.वि र ज्ञान गुञ्ज प्रा.वि.मा अध्ययनरत ३०० जना विद्यार्थीहरूलाई शैक्षिक सामाग्री वितरण गरी बुद्धजयन्तीको कार्यक्रमको सुरुवात गरिएको सो कार्यक्रममा भिक्षु मेधंकरले धर्मदेशना गर्नुभयो ।

**दोस्रो दिन जेठ १ गते** समारोह समितिका सदस्य संस्था नेपाल छन्त्याल संघ प्रा. समितिको संयोजकत्वमा म्याग्दी अस्पतालका विरामीहरूलाई शिघ्र स्वास्थ्यलाभको कामना गरी फलफुल वितरण गरियो । समारोह समितिको सहसंयोजक संस्था नेपाल मगर बौद्ध सेवा समाज, म्याग्दीको संयोजकत्वमा मगर संघको सभाहलमा बुद्धपूजा, ज्ञानमाला भजन र धर्मदेशना कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा भिक्षु मेधंकरले धर्मदेशना गर्नुभयो । समारोह समितिका संयोजक संस्था म्याग्दी बौद्ध संघका अध्यक्ष यजनलाल शाक्यले कार्यक्रमहरू बारे प्रष्ट पार्नुभयो र मगर बौद्ध सेवा समाजका अध्यक्ष नरबहादुर थापाले मगरहरू पनि बौद्ध भएकाले बौद्ध संस्थामा आबद्ध भई बुद्धशिक्षा ग्रहण गर्नुपर्ने कुरा बताउनुभयो । मगर बौद्ध सेवा समाज सचिव सविता पुन मगरले कार्यक्रम संचालन गर्नुभयो ।

**तेस्रो दिन जेठ २ गते** महिला बौद्ध संघको संयोजकत्वमा बुद्ध विहार परिसरमा बुद्धपूजा, ज्ञानमाला भजन र भिक्षु मेधंकरबाट धर्मदेशना सम्पन्न भयो । बौद्ध संघका अध्यक्ष भुनु तिलिजा मगरले साधुवाद व्यक्त गर्नुभएको सो कार्यक्रम सचिव रेणु वज्राचार्यले संचालन गर्नुभयो ।

सोहि दिन युवा बौद्ध संघ, बेनीको संयोजकत्वमा बुद्ध विहार परिसरमा सम्पन्न मा.वि स्तरीय बौद्ध हाजिरी जवाफ रनिङ्ग शील प्रतियोगितामा न्यू वेष्ट प्वाइन्ट आ.उ.मा.वि. प्रथम, माउण्ट एभरेष्ट आ.उ.मा.वि.ले द्वितीय र बेनी आ.मा.वि.ले तृतीयस्थान हासिल गर्न सफल भए । संघका अध्यक्ष राजेश शाक्यको अध्यक्षता र निमित्त जिल्ला शिक्षा अधिकारी युक्त प्रसाद शर्माको प्रमुख आतिथ्यतामा सम्पन्न सो प्रतियोगिता संघका सदस्य लोकेश पुन मगरले संचालन

गर्नुभयो । प्रथमलाई शील र नगद रू. १५००।-, द्वितीयलाई रू. १२००।-, तृतीयलाई रू. ९००।- र सान्त्वनालाई रू. ६०० पुरस्कार र प्रमाण-पत्र प्रदान गरियो ।

**अन्तिम दिन बुद्धपूर्णिमा** बैशाख पूर्णिमाको दिन समाहरोह समितिको सदस्य संस्था तमु सेवा समाजको संयोजकत्वमा बेनीबजारमा शान्ति पदयात्रा, समारोह समितिका संयोजकत्व संस्था म्याग्दी बौद्ध संघ सदस्य संस्थाहरू शाक्य समाज बेनी र थकाली समाज बेनीको संयोजकत्वमा बुद्ध विहार परिसरमा बुद्धजयन्ती समारोह समितिका संयोजक यजनलाल शाक्यको सभापतित्व तथा सहायक प्रमुख जिल्ला अधिकारी भिम प्रसाद तिवारीको प्रमुख आतिथ्यतामा मूल समारोह सम्पन्न भयो । भिक्षु मेधंकरले शान्ति स्थापना गर्न आफैबाट सुरूवात गर्नु पर्छ भनी धर्मदेशना गर्नुभयो । सो समारोहमा प्रमुख जिल्ला अधिकारी भिम प्रसाद तिवारी, समितिका सदस्य संस्था तमु सेवा समाजका अध्यक्ष देव बहादुर घले, म्याग्दी बौद्ध संघका संस्थापक अध्यक्ष प्रकाश कुमार श्रेष्ठ, नागरिक समाजका संयोजक सुदर्शन कुमार श्रेष्ठ, नेपाली काँग्रेस जिल्ला सभापति रेशम बानियाँ, नेकपा एमाले जिल्ला अध्यक्ष हरिकृष्ण श्रेष्ठ, नेकपा एकीकृतका प्रतिनिधि शिव कुमार श्रेष्ठले शुभकामना मन्तव्य व्यक्त गर्नुभयो । सहसंयोजक संस्था नेपाल मगर बौद्ध सेवा समाजका अध्यक्ष नर बहादुर थापाबाट स्वागत गरिएको सो सभा म्याग्दी बौद्ध संघका सचिव याम शाक्यले संचालन गर्नुभयो । साँझ नेपाल मगर विद्यार्थी संघ म्याग्दीको संयोजकत्वमा बेनी बजारमा बुद्धको प्रतिमा रथमा राखी ज्ञानमाला भजनका साथ बजार परिक्रमा एवं घर घरमा दिपावली गरियो ।

## तानसेनमा बुद्धजयन्ती

बुद्धजयन्तीको उपलक्ष्यमा बौद्ध महिला आजीवन दायक समिति, महाबोधि विहार, लहरेपीपलको आयोजनामा विभिन्न कार्यक्रम सम्पन्न भयो । जेठ १ गते लुम्बिनी मेडिकल कलेज शिक्षण अस्पताल प्रभासमा भर्ना भएका विरामीहरूलाई सुस्वास्थ कामनासहित फलफुल वितरण गरियो । यसरी नै ३ गते विहान बुद्धभजनसहित नगर परिक्रमा (प्रभात फेरी), ज्ञानमाला भजन, शीलप्रार्थना, बुद्धपूजा, दानप्रदान गरियो । सोही दिन बौद्ध महिला आजीवन दायक समितिले महाचैत्य विहार निर्माणका लागि रू. १३०,०००।- (एकलाख तीसहजार) प्रदान गरेको भनी बौद्ध महिला आजीवन दायक समिति परिवार तथा महाचैत्य विहार, टक्सार टोल, तानसेनका अध्यक्ष सुश्री सुमना शाक्यले जानकारी गराउनुभयो ।

## विराटनगरमा बुद्धजयन्ती

विराट नगरका स्थानीय बौद्ध संघसंस्थाहरूको संयुक्त आयोजनामा सप्ताहव्यापि २५५५ औं बुद्धजयन्ती भव्यताका साथ सम्पन्न भयो । ज्ञानमाला भजन, शील ग्रहण, बुद्धपूजा धर्मदेशना भिक्षु तिस्सको उपस्थितिमा भयो । विराट बौद्ध संघको आयोजनामा बुद्धधर्मसम्बन्धी गोष्ठीमा ध्यान गुरू साहायक आचार्य जयप्रकाश भेटवाल, धर्मराज शाक्य, धर्मकुमार हलवाई, सत्यनारायण ताम्राकारले बुद्धधर्म बारे विविध पक्षमा बोल्नुभयो । प्रातः शान्तिपद यात्रापछि बुद्धविहारमा धार्मिक सभामा परिणत भयो । मोहन प्रसाद शाक्यको अध्यक्षतामा प्रमुख अतिथि माननीय सभासद् मोति दुगडको उपस्थितिमा बौद्ध व्यक्तित्व धर्मराज शाक्यलाई दोसल्ला ओढाई सम्मान गरियो । उपासिका संघबाट बौद्ध वृद्ध महिला गंगामाया प्रधानलाई दोसल्लासहित सम्मान गरिंदा शिलु तुलाधरले परिचय गराउनुभयो । धर्मकुमार हलवाई, जमुना वज्राचार्य, धर्मराज शाक्य सभाका अध्यक्ष, तथा सत्यनारायण ताम्राकारले मन्तव्य व्यक्त गर्नुभयो । कार्यक्रममा सन्जु शाक्यले उद्घोषण गर्नुभयो । अन्तमा खीर प्रसाद वितरण गरी साँझ गीलान पूजा गरियो ।

## लुम्बिनीमा बुद्धपूर्णिमासहित अन्तर्राष्ट्रिय पुरस्कार

नेपाल सरकारअन्तर्गत लुम्बिनी विकास कोषले नेपालमैं प्रथमवार स्थापित विश्वस्तरीय **गौतम बुद्ध शान्ति पुरस्कार** एक भव्य समारोहबीच प्रमुख अतिथि सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले बु. सं. २५५५ बुद्ध-पूर्णिमाको उपलक्षमा लुम्बिनीमा विशेष समारोहबीच यसवर्ष पहिलो पटक जापानको नागासाकी र हिरोशिमा शहरका मेयरहरू तोमिहिसा ताउ र ताडातोशी आकिबालाई संयुक्तरूपमा प्रदान गर्नुभयो । प्रमाण-पत्र, विशेष पदकसहित पचासहजार युएस डलर राशीको पुरस्कार हस्तान्तरण गरिएको थियो । विशिष्ठ अतिथि सम्माननीय उपराष्ट्रपति परमानन्द झा, रक्षा मंत्री माननीय विष्णु पौडेल उपस्थित सो समारोह संस्कृति मंत्री एवं लुम्बिनी विकास कोषका अध्यक्ष माननीय खगेन्द्र प्रसाद प्रसाईको सभापतित्वमा सम्पन्न भएको थियो । लु. वि. कोषका उपाध्यक्ष आचार्य कर्मा साङ्बोले स्वागत मन्तव्य तथा सदस्य सचिव राजेन्द्र थापामगरले धन्यवाद ज्ञापन गर्नुभयो ।

## अन्तर्राष्ट्रिय बौद्ध समाजको विविध कार्यक्रम

**अचिच्च छात्रवृत्ति प्रदान** : २५५५ औं बुद्धजयन्तीको अवसरमा अन्तर्राष्ट्रिय बौद्ध समाज, बुद्धनगर-लुम्बिनीद्वारा आयोजित **अनिच्च छात्र-छात्रावृत्ति** समाजका संस्थापक अध्यक्ष भिक्षु मैत्री महास्थविरले जनही एक एक हजारसहित कापीकलम वितरण गर्नुभयो । तेनुहवा सामुदायिक माध्यामिक विद्यालयका ७ जना, खुदावागर उच्च माध्यामिक विद्यालय, सोनवर्सीका ४ जना, हाजी ऐनायतुल्ला सा.मा.वि सेमरहनाका ५ जना, बलरामपुर मा.वि बलरामपुरका ५ जना, लुम्बिनी निम्न माध्यामिक विद्यालय, महिलवारीका ६ जना, मेत्ता गुरूकुल विद्यालय, लुम्बिनीका ३ जना, मधुबनी माध्यामिक विद्यालयका २ जना, कर्महवा माध्यामिक विद्यालय, एकलाका ५ जना, सुप्रिया आ. मा. माध्यामिक विद्यालयका ६ जनालाई छात्रवृत्ति प्रदान गरियो ।

**अस्थिधातु प्रदर्शन** : २५५५ औं बुद्धजयन्तीको अवसरमा भगवान् गौतम बुद्धको पवित्र अस्थिधातु महामायादेवी मन्दिरको परिसरमा सर्वसाधारणको दर्शनका लागि प्रदर्शन गरियो । श्रीलंकाबाट उपहार प्राप्त २ टुक्रा अस्थिधातु प्रदर्शन गरिएको हो ।

**बौद्ध हाजिरीजवाफ सम्पन्न** : अ. बौ. समाजद्वारा आयोजित रूपन्देही जिल्लाव्यापी अन्तर माध्यामिक विद्यालय बौद्ध रनिङ् शिल्ड हाजिरी जवाफ प्रतियोगिता अनिच्च हलमा सम्पन्न भयो । मधुवनी सामुदायिक माध्यामिक विद्यालय प्रथम, तेनुहवा सामुदायिक माध्यामिक विद्यालय द्वितीय, बुद्ध आदर्श माध्यामिक विद्यालय तृतीयस्थान प्राप्त प्रतियोगीहरूलाई प्रमुख अतिथि मनकामना डेभलपमेन्ट बैंकका मैनेजर गौरव शाक्यले शिल्ड र नगद पुरस्कार वितरण गर्नुभयो । समाजका अध्यक्ष भिक्षु मैत्री, सदस्य सचिव डा. नरेन्द्र कुमार मल्लिक, शिक्षक अरूण मरासिनी निर्णायक मण्डलमा रहनुभएको थियो । प्रश्नवाचक (क्वीज मास्टर) भोला प्रसाद गुप्ता र प्रश्न-पत्र व्यवस्थापन राजभक्त श्रेष्ठले गर्नुभयो ।

**प्रवज्या कार्यक्रम** : २५५५ औं बुद्धजयन्तीको अवसरमा अमृतहलमा अन्तर्राष्ट्रिय बौद्ध समाजका संस्थापक अध्यक्ष भिक्षु मैत्री महास्थविरको आचार्यत्व र श्रीलंकाका भिक्षु जिनरतन महास्थविरको उपाध्यायत्वमा १२ जना कुलपुत्रहरूलाई श्रामणेर प्रव्रज्यादीक्षा प्रदान गरियो । शिवराज रानालाई सामणेर धम्मदिन्न, मन्त्री राना-सामणेर धम्मवंश, मोहन राना-सामणेर धम्मिक, रामशरण राना-सामणेर धम्मावास, अकलेश राना-सामणेर धम्मसिद्धि, नारायण राना-सामणेर धम्मरतन, कृष्ण राना-सामणेर धम्मपाल, निरज राना-सामणेर धम्मानन्द, अमृत राना-सामणेर धम्मसर, सुरज राना-सामणेर धम्मप्पिय, सुनिल राना-सामणेर धम्मलोक, कमलसिन राना-सामणेर धम्मसिरि नयाँ नाम प्रदान गरियो ।

**रक्तदान** : बुद्धजयन्तीको उपलक्ष्यमा अ. बौ. समाजको आयोजनामा ३० जना महानुभावहरूले रक्तदान गर्नुभयो । समाजको आयोजनामा विगत ५ वर्षदेखि रक्तदान कार्यक्रम सञ्चालन भइसकेको छ भने हालसम्म २८, ४४, १६, १७ र ३० जना गरी जम्मा १३५ जनाले रक्तदान गरिसकेका छन् ।

## द्वन्द्व समाधानका लागि बुद्धशिक्षा बारे प्रवचन

२ जेठ, काठमाडौं । **बौद्ध प्रवचन समाज**का अध्यक्ष घनश्याम राजकर्णिकारको अध्यक्षतामा **द्वन्द्व समाधानमा बुद्धधर्मको सार्थकता** को विषयमा प्रवचन गोष्ठी सम्पन्न भयो । प्रमुख अतिथि नेपाल बौद्ध परियत्ति शिक्षा परिषद्का सचिव भिक्षु निग्रोध र बौद्ध अध्ययन विभाग-त्रि. वि. वि. का




विभागीय प्रमुख डा. मिलन रत्न शाक्यले द्वन्द्व समाधानमा बुद्धधर्मको सार्थकता कसरी प्राप्त गर्न सकिन्छ भन्ने बारे विशेष प्रवचन गर्नुभयो ।

गोष्ठी प्रारम्भ हुनुभन्दा पहिले भिक्षु निग्रोधले **बौद्ध प्रवचन समाज**को विधिवत उद्घाटन गर्नुभयो । भिक्षु ज्ञानपूर्णिक महास्थविर, सत्यमोहन जोशी, माधवलाल कर्माचार्य, डा. त्रिरत्न मानन्धरहरू सल्लाहकार रहनुभएको सो समाज घनश्याम राजकर्णिकारको अध्यक्षतामा गठन गरिएको छ । उपाध्यक्ष देवरञ्जित, महासचिव प्रकाशमान शाक्य, सदस्यहरूमा मदनसेन वज्राचार्य, रत्नसुन्दर शाक्य, शान्ता राजकर्णिकार रहनुभएको छ । विगतमा व्यक्तिगतरूपमा

प्रयास गरिआएको कार्यलाई सांगठनिक रूपले अघि बढाउनु नै समाज गठन गर्नुको औचित्य हो भनी अध्यक्ष घनश्याम राजर्णिकारले स्पष्ट पार्नुभयो भने लुम्बिनी बौद्ध विश्वविद्यालयका रजिष्ट्रार डा. खड्गमान श्रेष्ठले शुभकामना मन्तव्य दिनुभयो ।

## धरानमा बुद्धजयन्ती

वैशाख पूर्णिमाका दिन शान्तिनायक भगवान् बुद्धको जन्म, सम्बोधिज्ञान लाभ तथा महा-परिनिर्वाण त्रि-संयोग दिवस २५५५ औं बुद्धजयन्तीको शुभ अवसरमा धरान बुद्ध विहारले आफ्नो ५० औं वर्ष पुगेको शुभअवसरमा विभिन्न कार्यक्रम तथा बुद्धधर्मसम्बन्धी धर्मदेशनाहरू समावेश गरी आफ्नो स्वर्ण महोत्सव वर्षदिन भरिनै मनाउने कार्यक्रम राखेको छ । बुद्धजयन्तीको अवसरमा साप्ताहिक कार्यक्रम अन्तर्गत पहिलो दिन शान्ति पदयात्रा, दोस्रो दिन विपश्यना ध्यान, तेस्रो दिन नेपाल रेडक्रस सोसाइटी धरानको मातहतमा रक्तदान कार्यक्रम सञ्चालन गरियो । चौथो दिन आँखा शिविर, पाँचौ दिन अशक्तहरूलाई भोजन दान तथा कल्पवृक्ष दान, छैठौ दिन भन्तेहरूबाट प्रवचन कार्यक्रम तथा साँझ शान्ति दीपयात्रा निकाली नगर परिक्रमा गरियो । सातौं दिन बुद्धजयन्ती तथा स्वर्ण महोत्सव-२०६८ को उपलक्ष्यमा भव्यताका साथ ऱ्याली निकाली नगर परिक्रमा र साँझ दिपावली गरी स्वर्ण जयन्ति मनाइयो ।

## वेलुवनाराममा बुद्धजयन्ती

थेचो, ललितपुर । बुद्धजयन्तीको अवसरमा वेलुवन विहार परियत्ति केन्द्रका उत्तीर्ण विद्यार्थीहरूलाई प्रमुख अतिथि समाजसेवी मोतिलाल शिल्पकारले एक समारोहबीच पुरस्कार तथा प्रमाण-पत्र वितरण गर्नुभयो । भिक्षु चन्दिमोद्वारा पंचशील प्रदान तथा कृष्ण बहादुर महर्जनको सभापतित्वमा सम्पन्न सो समारोहमा जगमोहन वामीले नगद पुरस्कार प्रदान गर्नुभयो । रक्तदान, साँझ विहारबाट बुद्ध-प्रतिमा खतमा राखी बाजागाजासहित नगरपरिक्रमा गरिएयो ।

## बुटवलमा बुद्धजयन्ती

बुद्धजयन्तीको अवसरमा बुटवलको पद्मचैत्य विहारमा विविध धार्मिक, सामाजिक कार्यक्रमसहित २५५५ औं बुद्धजयन्ती मनाइयो । बैशाख ३१ गते लुम्बिनी अञ्चल अस्पतालका बिरामीहरूलाई पद्मचैत्य विहारद्वारा फलफूल वितरण, धर्मोदय सभा बुटवल शाखाद्वारा विद्यालयका विद्यार्थीहरूबीच हाजिरी जवाफ प्रतियोगिता संचालन गरियो, जसमा दीप बोर्डिङ्ग स्कूल रनिङ्ग शिल्ड प्राप्त गर्न सफल भए । १ गते सिद्धबाबास्थित बुद्ध विहारमा बौद्ध युवा ज्ञानमाला संघको आयोजनामा बुद्धपूजा र ज्ञानमाला भजनको आयोजना गरियो । २ गते बुटवल नगरपालिकामा शाक्य समाजद्वारा "धार्मिक सहिष्णुता र आजको आवश्यकता" विषयक विभिन्न धर्मगुरूहरूलाई समावेश गरी प्रवचन गोष्ठीको आयोजना गरियो । यसरी नै बुटवल सुख्खा नगरस्थित शान्तिज्योति बुद्धविहारमा बौद्ध महिला संघको तर्फबाट दीप प्रज्वलन गरियो । ३ गते बुद्ध पूर्णिमाका दिन प्रभातफेरी, शील प्रार्थना, बुद्धपूजा, ज्ञानमाला भजन, सुमंगल भन्तेबाट धार्मिक प्रवचन र दिउँसो बुद्ध मूर्तिसहित नगर परिक्रमा गरी कार्यक्रम सम्पन्न गरियो ।

## डि. ए. भिमा विविध कार्यक्रम

जेठ ४, ललितपुर बि. पि. कोइराला भारत-नेपाल प्रतिष्ठानको तत्वावधानमा डि. ए. भि. सुशील केडिया विश्वभारती काठमाडौंको आयोजनामा दुईदिने देवनागरी जागरण सम्मेलन डि. ए. भि. स्कुलको प्राङ्गनमा सम्पन्न भयो । संस्कृत र हिन्दी भाषामा वक्तृत्वकला, निबन्धलेखन, र श्लोकवाचन एवम् नाटकजस्ता प्रतियोगिताको आयोजना गरियो । पालिभाषामा परित्राण-सूत्रपाठ, श्रुतपुच्छक जातक प्रश्नोत्तर लेखन तथा जयमंगल गाथामा नृत्य र नेपालीमा वादविवाद एवं संवादलेखन प्रतियोगिताको आयोजना गरियो ।

प्रतियोगितामा विद्यालय एवं विहार गरी ५७ समूहको सहभागिता रह्यो । अभिव्यक्ति, लेखन, वाचन, प्रदर्शनमूलक प्रतियोगिता सम्पन्न भयो । पालिभाषाअन्तर्गत जयमङ्गल गाथाको नृत्यमा प्रणिधिपूर्ण परियत्ति केन्द्र बलम्बुले प्रथमस्थान, बौद्ध शान्ति विहार परियत्ति केन्द्र, बुलुले द्वितीय, अमृत बौद्ध परियत्ति शिक्षालय, आनन्दकुटी विहार, स्वयम्भूले तृतीयस्थान प्राप्त गरे । प्रश्नोत्तर लेखनअन्तर्गत श्रुतपुच्छक जातकमा अमृत बौद्ध परियत्ति शिक्षालय, आनन्दकुटी प्रथम, प्रणिधिपूर्ण महाविहार द्वितीय, शाक्य सिंह परियत्ति केन्द्र तृतीय, अमृत बौद्ध परियत्ति शिक्षालय, आनन्दकुटी विहार, सान्त्वना तथा परित्राण-सूत्रपाठमा बौद्ध शान्ति विहार परियत्ति केन्द्र, बुलु प्रथम, जयमंगल विहार द्वितीय, सुर्वण छत्रपुर परियत्ति केन्द्र, लुभु तृतीय, अमरामपुर परियत्ति केन्द्र, बुङ्गमतीले सान्त्वना प्राप्त गरे । नेपाल बौद्ध परियत्ति शिक्षाका सहशिक्षाध्यक्ष भिक्षु ज्ञाणपूर्णिक महास्थविरले पालिभाषामैं मन्तव्य व्यक्त गर्नुभएको सो कार्यक्रममा भारतीय राजदूतावासका सचिव, वरिष्ठ साहित्यकार कमलमणी दीक्षित, डी.ए.भीका प्राचार्य भुवनेश्वरी रावलगायतले बोल्नुभयो ।

# आनन्दकुटीमा बुद्धपूर्णिमा

शान्तिनायक महामानव भगवान् गौतम बुद्धको जन्म, बुद्धत्व प्राप्ति र महापरिनिर्वाणको त्रिसंयोग परेको यस दिनलाई बुद्ध पूर्णिमाको संज्ञा दिई बडो हर्षोउल्लासका साथ मनाइन्छ । गएका वर्षहरूमाझैं स्वयम्भूअवस्थित आनन्दकुटी विहारमा विभिन्न कार्यक्रमको आयोजना गरियो ।

बुद्धपूर्णिमा वर्षकै महत्वपूर्ण पूर्णिमा मध्येका एक भएकाले यस दिनमा स्वयम्भू वरपर बिहानदेखि नै मानिसहरूको चहलपहल थियो । त्यस दिनमा बिहान ७ बजेदेखि नै कार्यक्रम संचालन गर्नुपर्ने भएकाले अघिल्लो दिननै सम्पूर्ण बन्दोबस्त, सरसफाइ, सजावट लगायतका कार्यहरू आनन्दकुटी विहारका निवासी भिक्षु, श्रामणेर, अमृत बौद्ध परियत्ति शिक्षालयका विद्यार्थीहरूबाट मिलाइएको थियो । त्यस दिन विहान ५.३० बजेदेखि सबैजना भेला हुन थालिसकेका थिए ।

विहान बुद्धजयन्ती समारोह समितिका सदस्यहरू र आनन्दकुटी विहारका भिक्षुहरू उपस्थित भएपछि कार्यक्रमहरू संचालन गर्न थालियो । स्वयम्भू ज्ञानमाला भजन खलःबाट भजन, उपस्थित सबै भिक्षु, श्रामणेर, अनागरिकाहरू तथा उपासक उपासिकाहरूलाई जलपान प्रदान गरियो । सबैले जलपान गरिसकेपछि बुद्धको अस्थिधातु श्रीलंकाराम चैत्यबाट बाहिर ल्याउने कार्य भयो ।

यस दिन उपोसथ व्रत पालना गर्नेहरूको संख्या उल्लेखनीय रूपमा रहेको थियो । यस पुण्यवान् दिनमा दान गर्ने व्यक्तिहरू पनि धेरै थिए । साथै भन्ते गुरुमाहरूलाई भोजन दान, उपासक उपासिकाहरूलाई क्षीर दान गरेको थियो । भोजन तथा जलपानको दाता ठमेल निवासी श्रीमति मैया मानन्धर रहेको थियो ।

भोजनपश्चात् अमृत बौद्ध परियत्ति शिक्षालयको आयोजनामा अमृत बौद्ध परियत्तिका विद्यार्थीहरूबाट विभिन्न सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेको थियो भने ज्या खलः जोडलबाट सामूहिक उत्कृष्ट बांसुरी वादन प्रस्तुत गरेको थियो ।

सार्वजनिक बौद्ध सभाको लागि प्रमुख अतिथि उपप्रधान तथा अर्थमन्त्री भरतमोहन अधिकारीद्वारा बुद्धको अस्थिधातुको दर्शन गर्नुभयो । साथै मन्त्री, विभिन्न देशका महामहिमहरू, पत्रकारहरू, विशिष्ठ महानुभाव, धर्मप्रेमि उपासक उपासिकाहरूले बुद्धको अस्थिधातु दर्शन गरे । सार्वजनिक बौद्ध सभामा बुद्धजयन्ती समारोह समिति २५५५का उपाध्यक्ष भिक्षु धर्ममूर्ति, महासचिव संघरत्न शाक्य, प्रमुख अतिथि उपप्रधान तथा अर्थमन्त्री भरतमोहन अधिकारी, लगायतले आफ्नो विचार राख्नु भयो । सभामा आचार्य भिक्षु कुमार काश्यप महास्थविर सभापति रहनुभएको थियो ।

बेलुका अस्थिधातु यथास्थानमा राखिएको थियो । त्यसपछि सरसफाई गरी विहार परिसरमा दीपावली गरी २५५५ औं बुद्ध पूर्णिमा मानाएको थियो ।

**पवन कंडेल**
अमृत बौद्ध परियत्ति शिक्षालय

## हाजिरीजवाफमा पुनः दीपंकर परियत्ति प्रथम

२१ जेठ ललितपुर । २५५५ औं बुद्धजयन्तीको उपलक्ष्यमा ललितपुर जिल्लाव्यापि बुद्ध र बुद्धधर्मसम्बन्धी ३९ औं हाजिरीजवाफ प्रतियोगिता यस वर्ष पनि दीपंकर परियत्ति शिक्षालय, नागबहाल प्रथमस्थान प्राप्त गर्न सफल भएको छ भने क्रमशः सुधम्माराम परियति केन्द्र दोश्रो, भास्सरा परियति केन्द्र तेश्रो, जन विकास युवा समूहले सान्त्वना पुरस्कार प्राप्त गरेको छ । नेपाल बौद्ध परियत्ति शिक्षाका सहशिक्षाध्यक्ष भिक्षु ज्ञानपूर्णिक महास्थविरद्वारा दीप प्रज्वलन गरी शुभारम्भ गरिएको सो प्रतियोगितामा जम्मा १९ वटा समूहले भाग लिएका थिए । प्रमुख अतिथि मोतिलाल शिल्पकारले रनिङ्ग शिल्डसहित पुरस्कार वितरण गर्नुभयो । विशेष अतिथि बुद्धिराज वज्राचार्य र हाजिरी जवाफ प्रतियोगिता आयोजक मूल गुठीका अध्यक्ष शान्तमान शाक्य अतिथि रहनुभएको सभामा सविता धाख्वा र प्रतियोगिताका संयोजक देवेन्द्र वज्राचार्यलाई सम्मान गरियो । शाक्यसिंह विहारको आयोजनामा सम्पन्न सो प्रतियोगिताका आर्थिक तथा प्रगति प्रतिवेदन देवेन्द्र वज्राचार्यले प्रस्तुत गर्नुभयो । अमिता धाख्वाले स्वागत मन्तब्य दिनुभयो ।

## स्वास्थ्य लाभ कामनार्थ परित्राण पाठ

२६ जेठ, तानसेन । ज्ञानमाला संघ आनन्द विहार को आयोजनामा त्रिपिटकाचार्य भिक्षु कुमार काश्यप महास्थविर को सु-स्वास्थ्य कामना गरी विशेष धार्मिक समारोहको आयोजना गरियो । ज्ञानमाला भजन, बुद्धपूजा, शीलप्रार्थना, परित्राण पाठलगायत भिक्षु प्रज्ञानन्दबाट धर्मदेशना गर्नुभयो । साथमा भिक्षु ज्ञानेन्द्र र अनागारिका संघवती हुनुहुन्थ्यो । साथै ज्ञानमाला संघ आनन्द विहारले अस्वस्थ भन्तेको लागि केही रकम प्रदान गर्ने निर्णय गरेको थियो ।

# अस्वस्थ कुमार भन्तेलाई श्रद्धालुको सहयोग



६ जेठ, काठमाडौं । आनन्दकुटी विहारका प्रमुख ८४ वर्षिय आचार्य भिक्षु कुमार काश्यप महास्थविर अस्वस्थ हुनुभएपछि पुनः उहाँलाई काठमाडौं मोडेल हस्पिटलमा ३० दिन उपचारार्थ भर्ना गरियो । गत पुष ७, २०६७ मा ४ दिन आइ.सि.यू. तथा १४ दिन क्याबिनमा उपचारपछि बुद्ध विहारमा आरामसाथ बस्नुभएको हो । दम, कफ, कब्जियत र पिशाबसम्बन्धी रोगी उहाँलाई वरिष्ठ चिकित्सक आर.डि.जोशी समूहले उपचार गर्नुभएको हो । हाल उहाँलाई नेपाल मृगौला उपाचार केन्द्र, बनस्थलीमा नियमित हप्ताको दुईपटक दाइलसिस भइरहेको छ । उहाँको उपचारका लागि विभिन्न उपायले विशेष सहयोग गर्नुहुने सबैलाई विशेष साधुवाद व्यक्त गर्नुभएको छ । साथै उहाँले आफूलाई शिघ्र स्वास्थ्य लाभको कामना गरी आउनुहुने भिक्षु संघ, अनागारिका संघ, श्रद्धालु दाता उपासक उपासिकाहरूलाई हार्दिक साधुवादसहित मैत्रीपूर्ण आशीर्वाद प्रदान गर्नुभएको छ । अस्वस्थ भिक्षु कुमार काश्यप भन्तेलाई काठमाडौं मोडेल हस्पिटलमा औषधोपचारार्थ निम्न उल्लेख्य श्रद्धालु संघसंस्था, भिक्षु, अनागारिका, उपासक तथा उपासिकाहरूबाट आर्थिक सहयोग प्राप्त भएको विवरण जानकारीको लागि प्रस्तुत गरिएको छः-

**सहयोग गर्नेहरु** : बौद्ध महिला आजीवन दायक समिति, तानसेन-१५,०००।-, अखिल नेपाल भिक्षु महासंघ-तत्संघ सदस्यहरू- १२,०००।-, धर्मकीर्ति स्वास्थ्य कोष, धर्मकीर्ति विहार-१२,०००।-, ज्ञानमाला संघ-आनन्द विहार-भिक्षु स्वास्थ्य उपचार कोष तानसेन-१०,०००।-, करूणा बौद्ध संघ/ बुद्ध विहार होलाङ्डी, तानसेन-१०,०००।-, पद्मशोभा तुलाधर, सिद्धि भवन-१०,०००।-, शान्ति तुलाधर, सिद्धि भवन-१०,०००।-, कमला शाक्य, बसन्तपुर-१०,०००।-, साहुभाइ र ज्ञानु मानन्धर, मानभवन- ७,५००।-, शाक्यसिंह विहारका उपासकोपासिकाहरू- ६,०००।-, सुलक्षणकीर्ति विहार मिसा पुचः- ६,०००।-, सानुनानी कंसाकार, क्षेत्रपाटी-६,०००।-, डा. सुमन तुलाधर-६,०००।-, Damayanthie Rajapakse, Director, SAARC Secretariat, KTM. RS. 6000/-, धर्मचक्र बौद्ध युवा संघ, तानसेन ५,५५५।-, बौद्ध महिला संघ समिति, आनन्द विहार तानसेन ५,१०५।- ।

**रु. ५००० दिनेहरू** : १. नेपालका संघउपनायक भिक्षु अश्वघोष महास्थविर-संघाराम विहार २. भिक्षु ज्ञानपूर्णिक महास्थविर-विश्वशान्ति विहार ३. लुम्बिनी धर्मोदय कमिटी, लुम्बिनी ४. शाक्यसिंह विहार परियत्ति शिक्षालय ५. प्रज्ञानन्द स्मृति क्लिनिक ६. ओजेश वज्राचार्य, छाउनी ७. चम्पा उपासिका, धर्मकीर्ति ८. घनश्याम राजकर्णिकार, कमलपोखरी ९. चरी श्रेष्ठ (सरस्वती)-घट्टेकुलो १०. चन्द्रदेवी शाक्य, नःबही, ल.पु. ११. ललितवीर सिं कंसाकार, जरूछें, असन १२. करूणा सिद्धि, काठमाडौं १३. अशोक गिरी १४. रत्नकाजी र श्रीमति किरण वज्राचार्य, लगन १५. बौद्ध महिला समिति-महाबोधि विहार तानसेन (५,००५।-), १५. नरेशमान-कृष्णमान शाक्य, तानसेन १७. मणिमण्डप महाविहारका उपासकोपासिकाहरू, ल.पु. (४,७६०।-), १८. दुण्डबहादुर वज्राचार्य, गाःबहाल-४,५००।-, ।

**रु. ४००० दिनेहरू** : १. प्रज्ञानन्द स्मृति ज्ञानमाला भजन, शाक्यसिंह विहार २. मोतिलाल शिल्पकार, जावलाखेल ३. प्रभावती उपासिका, ज्याठा ४. पूर्णमाया महर्जन, तानसेन-३,००५।-।

**रु. ३००० दिनेहरू** : १. भिक्षु धर्मपाल महास्थविर २. अग्निसंस्कार संस्था, शाक्यसिंह विहार ३. उत्तममान बुद्धाचार्य, पोखरा ४. तारादेवी शाक्य, वकुहाल लपु ५. कृष्णमाया डंगोल उपासिका, ६. रत्नभक्त डंगोल, वंटु, तानसेनबाट - ७. धनकुमारी शाक्य, ८. सुमना शाक्य, ९. बाबुराजा र निर्मला तुलाधर,भुरूंखेल ।

**रु. २५०० दिनेहरू** : अनागारिका इन्द्रावती, धर्मकीर्ति-सुमङ्गल बौद्ध संघ, सुमङ्गल विहार-विश्वरत्न शाक्य, भाटभटेनी ।

**रु. २००० दिनेहरू** : नेपालका संघनायक भिक्षु बुद्धघोष महास्थविर, भिक्षु जिनरत्न महास्थविर-कपिलवस्तु, भिक्षु राहुल-ध्यानकुटी विहार, भिक्षु निग्रोध-विश्वशान्ति विहार, अनागारिका नेक्खमी, अ. विमलञाणी, खिचापोखरीका तण्डुकार गुरूमां, सकुन्तला प्रधान-परोपकार, असनका सेतिनानी वज्राचार्य, गौतम दर्शन वज्राचार्य र दि. चन्द्रदर्शन वज्राचार्य (थप दुई), डा. सुरेन्द्र शाक्य, छत्रराज शाक्य-तानसेन, भुमी मानन्धर, सन्तलाल वज्राचार्य, यशोदा शाक्य-पुल्चोक, कमला खड्गी-बालाजु, चित्रा तुलाधर-तीनधारा, धर्मप्रसाद मानन्धर, लाजिम्पाट (१०,०००येन पनि), बौद्ध युवा संघ-महाबोधि वि. तानसेन, पुष्परत्न तुलाधर-स्वयम्भू, डा. केशरी मानन्धर-उपाध्यक्ष, बौ.म.सं. नेपाल (१५००।-) ।

**रु. १००० दिनेहरू** : आनन्द विहार परियत्ति शिक्षा केन्द्र, तानसेन (११००।-), भिक्षु बोधिसेन महास्थविर-बोधिचर्या विहार, भिक्षु श्रद्धानन्द-पोखरा, भिक्षु शोभित-गणमहा विहार, भिक्षु सद्धातिस्स- बुद्धभूमि महाविहार, भिक्षु कोलित-बुद्धभूमि महाविहार, भिक्षु पञ्ञारत्न-सुमङ्गल विहार, भिक्षु पञ्ञासार-सुमङ्गल विहार, भिक्षु मिलिन्द (११०५।-), अ. अनुपमा, अ. पञ्ञावती, डा. अ.

धम्मविजया-निर्वाणमूर्ति, सुमन र मन्दिरा- अमेरिका, संघरत्न मानन्धर-चसान, दि. सितादेवी मानन्धर, धर्मराज लामा, लालमाया लामा, त्रिरन्त मानन्धर, उर्मिला शाक्य, तानसेनका सर्जुलाल वज्राचार्य (१००५।-), सुवर्णकाजी शाक्य, चुनुलाल वज्राचार्य, विश्व शाक्य, डा. पूरण वज्राचार्य, प्रज्ञा शाक्य, रामेश्वरी महर्जन-बालाजु, अगम्यरत्न तुलाधर-धर्मकीर्ति, अजयमान स्थापित-ज्याठा, बेखामान महर्जन-कीर्तिपुर, जगतराज शाक्य-ल.पु., मचाम महर्जन-खुसिबुं, राजु महर्जन-ग:छें, पुष्पा शाक्य-ताहाचल, नागबहालका रत्नदेवी धाख्वा, रमिता धाख्वा, अमिता धाख्वा, संगीता धाख्वा, चन्द्रमाया मानन्धर वंटु, निर्मला शाक्य, रमला शाक्य-बसन्तपुर, गणेशमाया विशाखा महर्जन-बलम्बु, आनन्द शाक्य, ज्ञानीरत्न तुलाधर, रत्नदेवी मानन्धर, कमला मानन्धर, डा. लक्ष्मीनारायण सिं, मीराज्योति, सुर्यलक्ष्मी तुलाधर-कमलादी, लोक बहादुर तथा भक्तिकुमारी श्रेष्ठ-बनेपा, बेखारत्न शाक्य, ल.पु., अशोकरत्न शाक्य-बुटवल, बुद्धलक्ष्मी शाक्य-बुटवल (६००), बासन्तीदेवी वज्राचार्य-कमलादी (६००) ।

**रु. ५०० दिनेहरू :** भिक्षु धम्मसोभन महास्थविर, भिक्षु पुण्ण, अनागारिका सत्यशीला, अ. चमेली, अ. डा. अनोजा, अ. ञाणवती, अ. जवनवती, अ. अग्गञाणी, अ. अभया, अ. खेमावती, अ. केशावती, अ. पुण्यवती, अ. धरणी, अ. खेमा, अ. शोभा, अ. शुभवती, अ. रमावती, अ. अमता, अ. क्षान्तिवती, अ. सुवर्णवती, अ. ओभासवती, अ. वण्णवती, अ. सुजाता, चन्द्रबहादुर मानन्धर, तीर्थ बहादुर मानन्धर (५५०), तानसेनका मंगल वज्राचार्य (५०५), बुद्धलक्ष्मी वज्राचार्य (५०५), सुरेश मान बुद्धाचार्य (५०५), प्रज्ञा सागर शाक्य, त्रिरत्न तुलाधर, चिनी तता-धर्मकीर्ति, नानीमैया मानन्धर, अ. चिनीया किजा, सति धाख्वा, दया उपासिका, नानीहीरा तुलाधर, कमला शाक्य, विद्यालक्ष्मी गुभाजु, संघ बहादुर गुभाजु, गंगा तुलाधर, सुजाता मानन्धर, गुजेश्वरी महर्जन-केपू, आरती रंजित, रीता महर्जन, रश्मिला तुलाधर, जितनारायण-श्रीघः, तारा वीर सिं, बाबुराजा शाक्य, हेराशोभा शाक्य, नातिकाजी शाक्य, शोभा महर्जन, विरेन्द्र श्रेष्ठ-दीपंकर, रामकुमारी मानन्धर, शान्ति वज्राचार्य-पोखरा, टिका वज्राचार्य, महेशरत्न शाक्य-बुटवल, प्रवीनराज शाक्य-तानसेन, राहुल शाक्य तानसेन, आशाकाजी महर्जन, तीर्थकुमारी महर्जन, रमा वज्राचार्य-तानसेन ।

नाम उल्लेख गर्न नचाहने श्रद्धालुहरू तथा अन्य खुद्रा प्राप्त जम्मा रू. ११,५९०।- गरी स्वास्थ्य उपचारार्थ जम्मा रू. ३,५५,३४०।- प्राप्त भएका छन् । यो समाचार लेखुन्जेल प्राप्त सहयोगीहरू कसैको नाम नछुटोस् भन्ने सकभर प्रयास गरिएको छ, कसैको नाम छुटेकाहरूको खुद्रामैं गाभिएका छन् भने उल्लेख गरिएकामा गल्तिभए प्रस्तुतकर्ता क्षमा चाहन्छ । यसको हिसाब किताबलाई सक्दो पारदर्शी गर्न प्रयास गरिने छ । बुद्धविहार परिवारलगायत समस्त सहयोगीहरूलाई श्रद्धेय आचार्य भिक्षु कुमार काश्यप महास्थविरले मैत्रीपूर्ण साधुवाद व्यक्त गर्नुभएको आज्ञानुसार जानकारी गराउँदछु ।

प्रस्तुति : भिक्षु कोण्डन्य
प्रमुख, बुद्धविहार भृकुटीमण्डप
ravikunu@hotmail.com, kondanya@soon.com

क्रमिक वचत गर्ने बानी बसालौं
बोट नमासी मिठो फल खाऔं
रजिष्टर्ड नं. १००/०६२-६३

इन्द्रेणी वचत तथा ऋण सहकारी संस्था लि.
गुरुजुधारा, काठमाण्डौ
फोन नं. ४३१५३४४, फ्याक्सः ४३१०४५८
इमेलः indrenico_operative@yahoo.com

इन्द्रेणी सहकारीको रेमिट सेवा

WESTERN UNION | Prabhu Money Transfer | meroremit | NABIL REMIT | UNION MONEY TRANSFER CO.LTD.

संसारको जुनसुकै ठाउँबाट पठाएको रकम
सप्ततारा इन्टरनेशनल प्रा.लि.
मार्फत
इन्द्रेणी सहकारी गुरुजुधारामा तुरुन्तै पाइन्छ ।
सम्पर्क फोन नं. ४३१५३४४, फ्याक्सः ४३१०४५८